# वार्षिक प्रतिवेदन
# (सङ्क्षिप्त)

(आ.व. २०७९/२०८०)

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

## आयोगका पदाधिकारीहरू

**मा. अध्यक्ष**

तपबहादुर मगर

**मा. सदस्यहरू**

डा. सूर्य ढुंगेल

मिहिर ठाकुर

मनोज दुवाडी

लिली थापा

**का.मु. सचिव**

मुरारिप्रसाद खरेल

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.नं. : ९१८२, काठमाडौँ, नेपाल

**प्रकाशन मिति** : फागुन, २०८०

**प्रकाशन प्रति** : ५००

**प्रतिवेदन नं.** : ३०० (केन्द्रीय कार्यालय)

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग

*आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।*

# मन्तव्य

नेपालको संविधानको धारा २४९ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चिता गर्नु राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक दायित्व हो । नेपालको संविधानको धारा २९४ (१) मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्थाअनुरूप आयोगले प्रत्येक वर्ष प्रतिवेदन पेस गर्दै आएको छ । आ.व. २०७९/२०८० को यस प्रतिवेदनमा देशको मानव अधिकारको अवस्था र आयोगबाट सम्पादित कामकारबाहीलाई समावेश गरिएको छ । आयोगमा वर्षभरि परेका उजुरी, उजुरीउपर छानबिन, अनुसन्धान विवरण, अनुगमन विवरण तथा नेपाल सरकारलाई गरेका सिफारिसलगायतका विषयवस्तु संलग्न छन् । यसका साथै आयोगले प्रतिवेदन अवधिमा प्राप्त गरेका उपलब्धि, चुनौती तथा मानव अधिकार संरक्षण र संवर्धनका लागि आयोगले चाल्ने भावी कदमहरू लगायतका विषयवस्तु यस प्रतिवेदनमा समेटिएको छ ।

यस प्रतिवेदन अवधिमा आयोगमा मानव अधिकारको उल्लङ्घन वा हनन् भएको भनी जम्मा १०० उजुरीहरू दर्ता भएका छन् । मानव अधिकारसँग सम्बन्धित विषयमा २२० पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी ३५४ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ भने यसै आ.व.मा ४०४ उजुरीमाथि निर्णय गरेको छ । जसमा १३ वटा नीतिगत र १०२ वटा उजुरीगत सिफारिसहरू रहेका छन् । मानव अधिकार संवर्धनसम्बन्धी जम्मा २३१० वटा कार्यक्रम सम्पन्न भएका छन् । यस अवधिमा मानव अधिकारका समसामयिक विषयमा आयोगबाट ४४ वटा प्रेस-विज्ञप्ति जारी भएका छन् । यसरी जारी भएका प्रेस-विज्ञप्ति नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, महिला, बालबालिका, जातीय विभेद, आप्रवासी कामदारको अधिकार, सङ्क्रमणकालीन न्यायलगायतका विषयसँग सम्बनिधत रहेका छन् । त्यसै गरी नेपाल सरकारका मुख्य सचिव, अन्य मन्त्रालयका सचिवहरूसँग आयोगको सिफारिस प्रभावकारी रूपमा कार्यान्यवय गर्न ठोस कार्ययोजना बनाइ कार्यान्वयन गर्ने सम्बन्धमा प्रतिबद्धतासहित कार्यक्रम सम्पन्न भएको छ । व्यावसाय र मानव अधिकारको सवालमा व्यवस्थापिकाका सांसदहरू, सम्माननीय सभामुखसहित प्रमुख राजनीतिक दलका प्रमुख सचेतकहरूलगायत प्रतिनिधिसभाका माननीय सदस्यहरूसँग परामर्श कार्यक्रम सम्पन्न गरियो भने नेपाल सरकारलाई व्यवसाय र मानव अधिकार राष्ट्रिय कार्ययोजना बनाउन आयोगबाट राय/परामर्श प्रदान गरिएको छ ।

संविधान र कानूनले तोकेको जिम्मेवारी पूरा गर्न आयोगले छैठौँ रणनीतिक योजना (२०२१-२०२६) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । आयोगको यस रणनीतिक योजनाले “जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार” भन्ने मूल नारा तय गरेको छ । मानव अधिकार संस्कृति प्रवर्धन गर्ने मूल ध्येयलाई ध्यानमा राखी मानव अधिकारको संरक्षण र संवर्धन गर्न आयोगले निरन्तर सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकार, मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरू, मानव अधिकार रक्षकहरू, गैरसरकारी सङ्घसंस्था, नागरिक

समाज, व्यावसायिक संघसंस्थाहरू र अन्तर्राष्ट्रिय समुदायसँग पनि समन्वय र सहकार्य गर्दै आएको छ । नेपाल सरकार, अन्तर्राष्ट्रिय समुदाय, नागरिक समाज अधिकारकर्मी र दातृ निकायबाट प्राप्त सहयोग, समन्वय तथा समर्थनका कारण आयोगको स्थापनाकालदेखि नै 'क' श्रेणीको निरन्तरता कायम रहेको छ ।

उल्लिखित उपलब्धिका बावजुद् पनि मानव अधिकारको संरक्षण र संवर्धन गर्ने कार्यमा केही चुनौतीहरू रहेका छन् । पर्याप्त स्रोत उपलब्ध हुन नसक्नु, अपर्याप्त जनशक्ति, आयोगको 'ए' स्तर कायम गर्ने चुनौती, आफ्नै भवन नहुनु, सिफारिस कार्यान्वयनको न्यूनता, मानव अधिकारप्रति परम्परागत सोचजस्ता चुनौतीहरू आयोगले यस वर्ष पनि सामना गर्नुपर्‍यो । यस्ता चुनौतीहरू विद्यमान भएता पनि आयोग मानव अधिकारको संरक्षण र संवर्धनसम्बन्धी आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न पूर्ण रूपमा प्रतिबद्ध छ ।

यस वर्ष पनि आयोगले नेपाल सरकारसमक्ष गरेका सिफारिसहरूको कार्यान्वयन अवस्थालाई उत्साहजनक भन्न सक्ने अवस्था छैन । पेरिस सिद्धान्तको मर्मअनुरूप आयोगको आर्थिक स्वायत्तता सुनिश्चित तथा कर्मचारीहरूको सेवा-सुविधासहित मनोबल अभिवृद्धि हुने गरी नयाँ राष्ट्रिय मानव अधिकार आयोग ऐन जारी गर्न आवश्यक छ । नेपालको संविधानले परिकल्पना गरेबमोजिम समानुपातिक र समावेशी सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्दै संविधानको मर्म र भावनाअनुसारको उपलब्धि हासिल गर्न गराउन लक्षित तथा सीमान्तकृत वर्गको मानव अधिकारको सुनिश्चित गर्ने गराउने कार्यमा ठोस प्रगति हासिल गर्न राज्यको सबै अङ्ग परिचालित हुनु आवश्यक छ ।

अन्त्यमा, आयोगलाई कार्य सम्पादनको क्रममा प्राप्त सद्भाव, सहयोग र समर्थनप्रति आयोगको तर्फबाट राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद्, सरकार, राजनीतिक दल, मानव अधिकार समुदाय, नागरिक समाज, निजी क्षेत्र, सञ्चारजगत सबैप्रति आभार प्रकट गर्दछु । मूल वार्षिक प्रतिवेदनलाई सङ्क्षिप्त प्रतिवेदनको रूपमा ल्याउन भूमिका निर्वाह गर्नुहुने सहसचिव सम्झना शर्मा, उपसचिव चन्द्रकान्त चापागाईं र मानव अधिकार अधिकृतहरू कैलाशकुमार सिवाकोटी, नेत्रबहादुर गौतम र पवन भण्डारीलाई विशेष धन्यवाद प्रकट गर्दछु । त्यसै गरी आयोगका माननीय सदस्यहरू, का.मु.सचिव र सम्पूर्ण कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ । आगामी दिनहरूमा पनि सबै पक्षबाट निरन्तर सहयोग रहिरहनेछ भन्ने अपेक्षा एवम् विश्वास लिएको छु ।

धन्यवाद !

तपबहादुर मगर

अध्यक्ष

# विषयसूची


वार्षिक क्रियाकलापहरूको सङ्क्षिप्त झलक १

परिच्छेद–एक

आयोगको पृष्ठभूमि, साङ्गठनिक संरचना, काम, कर्तव्य र अधिकार ३

परिच्छेद–दुई

आयोगबाट सम्पादित संरक्षणसम्बन्धी कार्यहरू ६

परिच्छेद–तीन

आयोगबाट सम्पादित संवर्धनसम्बन्धी कार्यहरू १०

परिच्छेद–चार

आयोगबाट सम्पादित कानुन पुनरावलोकन र सन्धिजनित कार्यहरू १३

परिच्छेद–पाँच

आयोगको सिफारिस, निर्णय वा आदेश कार्यान्वयनको अवस्था १४

परिच्छेद–छ

आयोगबाट आ.व. २०७९/२०८० मा उजुरीमाथि गरिएका निर्णय र सिफारिसहरूको सङ्क्षिप्त व्यवहोरा १६

परिच्छेद–सात

उपलब्धि, चुनौती, समाधानका सम्भावित उपाय र भावी कदमहरू ४७

# वार्षिक क्रियाकलापहरूको सङ्क्षिप्त झलक

| क.स. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| १. मानव अधिकार संरक्षण | | | |
| १.१ | दर्ता भएका उजुरी | १०० वटा | - राजनीतिक तथा नागरिक अधिकार,<br>- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार,<br>- यातनाविरुद्धको अधिकार,<br>- महिला अधिकार,<br>- बाल अधिकार,<br>- जातीय विभेदविरुद्धको अधिकार,<br>- अपाङ्गता भएका व्यक्तिको अधिकार,<br>- व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अधिकार र<br>- आप्रवासी कामदार र तिनका परिवारको अधिकार आदि । |
| १.२ | अनुगमन | २२० पटक | - राजनीतिक तथा नागरिक अधिकार (समग्र मानव अधिकार अवस्था, कैदीबन्दीहरूको अधिकार, न्याय-प्रशासन आदि) ।<br>- आर्थिक, समााजिक तथा सांस्कृतिक अधिकार (स्वास्थ्य, शिक्षा, श्रमिक/रोजगारी, वातावरण, उपभोक्ता, प्राकृतिक प्रकोपजन्य घटनाबाट विस्थापितहको अधिकार आदि) ।<br>- ज्येष्ठ नागरिक, महिला, बालबालिका, जातीय विभेद/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्ति, आप्रवासी कामदारहरूको अधिकार, मानव अधिकार राष्ट्रिय र अन्य कार्ययोजना, विकास र मानव अधिकारमुखी पद्धति आदि ।<br>- आदिवासी जनजाति/नागरिकको मानव अधिकार अवस्था आदि। |
| १.३ | अनुसन्धान सम्पन्न उजुरी | ३५४ वटा | - नागरिक तथा राजनीतिक अधिकार : जीवनको अधिकार, यातना, बेपत्ता, न्याय-प्रशासन आदि ।<br>- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार : विस्थापित, पुनः स्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति आदि ।<br>- महिला अधिकार, बाल अधिकार, जातीय विभेदविरुद्धको अधिकार आदि । |

| क.स. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| १.४ | निर्णय भएका उजुरी सङ्ख्या | ४०४ | - राजनीतिक तथा नागरिक अधिकार, न्याय-प्रशासन, बेपत्ता, अपहरण, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार, बाल अधिकार आदि । |
| १.५ | सिफारिस भएका | ११५ | - १०२ वटा उजुरीगत र १३ वटा नीतिगत विषयमा सिफारिस । |
| २. मानव अधिकार संवर्धन | | | |
| २.१. | प्रशिक्षण, अन्तरक्रिया, छलफल, गोष्ठी, तालिम, सचेतना, प्रभातफेरि, प्रदर्शनी आदि | २३१० | - मानव अधिकारको अवस्था, शान्ति-सुरक्षा, बेपत्ता पारिएका व्यक्तिको अधिकार, सङ्क्रमणकालीन न्याय, खाद्य अधिकार, स्थानीय तहमा विवाद निरूपण, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, स्वास्थ्य अधिकार, ज्येष्ठ नागरिकको अधिकार, अल्पसङ्ख्यकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, सामूहिक अधिकार, विविध विषयमा कार्यशाला, अन्तर्क्रिया, तालिम, परामर्श आदि । |
| ३. | प्रकाशन | ११ | - प्रतिवेदन, मानव अधिकारपत्र, जर्नल आदि |
| ४ | प्रेस-विज्ञप्ति र प्रेस-नोट<br>पत्रकार सम्मेलन | ४४ पटक<br>३ पटक | - मानव अधिकारका विविध विषयहरू । |
| ५. मानव संसाधन | | | |
| ५.१ | अध्यक्ष/सदस्य | ५ | अध्यक्ष १ र सदस्यहरू ४ जना |
| ५.२ | कर्मचारी | २१६ | हाल कार्यरत |
| ६ | कार्यालय | ११ | केन्द्रीय कार्यालय १, प्रदेश कार्यालय ७ र प्रदेश शाखा कार्यालय ३ |

परिच्छेद–एक

# आयोगको पृष्ठभूमि, साङ्गठनिक संरचना, काम, कर्तव्य र अधिकार

## १.१. पृष्ठभूमि

विश्वव्यापी रूपमा मानव अधिकारको विकास दोस्रो विश्वयुद्धपछि भएको मानिए पनि मानव सभ्यताको सुरुआतसँगै वेद, उपनिषद्, त्रिपिटक, मुन्धुमलगायतका प्राचीन ग्रन्थहरूमा पनि मानिसका अधिकार र कर्तव्यको बारेमा उल्लेख गरिएको पाइन्छ । मानव इतिहासमा मानिसले आफ्नो अधिकार र अस्तित्व रक्षाको लागि विभिन्न कालखण्डहरूमा सङ्घर्ष गर्दै आएको पाइन्छ । विभिन्न समयमा शासक र शासित, मालिक र मजदुर, देश-देशबीचको विवाद, युद्ध/विश्वयुद्ध हुँदै आएको छ । विवाद/युद्धको शान्तिपूर्ण समाधानको लागि सन्धि/सम्झौताको माध्यमबाट अगाडि बढ्दै विश्व आजको अवस्थामा आइपुगेको छ । विशेषतः दोस्रो विश्वयुद्धमा ठूलो धनजनको क्षति भएपछि बिश्वशान्ति कायम गर्ने अभिप्रायले सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भई सन् १९४८ मा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएपछि मानव अधिकारको विषय विश्वव्यापी बन्न पुग्यो । त्यसपछि संयुक्त राष्ट्रसङ्घबाट संयन्त्र निर्माण गरी विषयगत रूपमा मानव अधिकारसम्बन्धी घोषणापत्र, महासन्धि, इच्छाधीन आलेख, प्रस्ताव आदि निर्माणको क्रम तीव्र गतिमा अगाडि बढ्न पुग्यो । संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरू पनि महासन्धिको पक्षराष्ट्र बन्ने क्रम क्रमशः वृद्धि हुँदै जान थाल्यो, जुन क्रम अहिले पनि निरन्तर छ ।

नेपालको सन्दर्भमा भने नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा पहिलो पटक मानव अधिकार शब्दावली प्रयोग भएपश्चात मानव अधिकारसम्बन्धी चर्चा-परिचर्चा हुन थाल्यो । अन्तर्राष्ट्रिय रूपमा सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घबाट नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय महासन्धि जारी भएसँगै नेपालले उक्त महासन्धिमा सन् १९९१ (वि.स.२०४८) मा हस्ताक्षर गऱ्यो । सन् १९९१ मा संयुक्त राष्ट्रसङ्घको आह्वानमा पेरिसमा भएको बैठकबाट राष्ट्रिय मानव अधिकार संस्थाहरूको प्रकृति- स्वतन्त्रता, स्वायत्तता, सक्षमता, बहुलतामा आधारित सिद्धान्त प्रतिपादन भयो । सन् १९९३ मा भएको संयुक्त राष्ट्रसङ्घको महासभाले यसलाई अनुमोदन गरी सबै सदस्य राष्ट्रहरूलाई मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था गठन गर्न आह्वान गरेको थियो । राज्यको तहमा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था स्थापना गर्नुपर्ने विषय नागरिक तहमा व्यापक रूपमा उठे पनि सो मुद्दा राज्यको प्राथमिकतामा भने पर्न सकेन ।

यसरी राष्ट्रिय रूपमा चलेको बहस र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको नवीनतम आयामसँगै तत्कालीन प्रतिनिधिसभाका माननीय सदस्यबाट प्रतिनिधिसभामा पेस भएको गैरसरकारी (प्राइभेट) विधेयक ऐनको रूपमा आएपछि मानव अधिकार आयोग ऐन, २०५३ जारी भयो । विडम्बना ऐन जारी भएको करिब चार वर्षसम्म पनि आयोग गठन हुन सकेन । मानव अधिकारकर्मीको शान्तिपूर्ण आन्दोलन, सञ्चारमाध्यमको खबरदारी, अन्तर्राष्ट्रिय समुदायको चासो, सरोकार समूहबाट

भएको दबाब निरन्तर चली नै रह्यो । यी विविध प्रयत्नका बावजुद् पनि आयोग स्थापना हुन नसकेपछि अन्ततः सम्मानित सर्वोच्च अदालतमा रीट दायर भयो । सो सार्वजनिक सरोकारको रीटमाथि सुनुवाइ गर्दै अदालतबाट आयोग गठन गर्न परमादेश जारी भयो । फलतः २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना हुन पुग्यो ।

ऐनद्वारा स्थापित आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ ले संवैधानिक आयोगको हैसियत प्रदान गर्‍यो । नेपालको मौजुदा संविधानमा पनि यसलाई निरन्तरता दिइएको छ । आयोगलाई संविधानद्वारा प्रदत्त अधिकारलाई कार्यान्वयन गर्न नयाँ ऐनको आवश्यकता भए पनि हाल राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम कामकारबाही हुँदैं आएको छ । सो ऐनलाई वर्तमान संविधान एवम् समयानुकूल संशोधन गर्न आयोगले आफ्नो धारणासहित मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र सङ्घीय संसद्मा पठाइसके पनि नयाँ ऐन निर्माण हुन नसकेको अवस्था छ ।

## १.२ साङ्गठनिक संरचना र जनशक्ति व्यवस्थापन

राष्ट्रिय मानव अधिकार आयोगमा एक जना अध्यक्ष र चारजना सदस्य गरी पाँच जना पदाधिकारीहरू रहने व्यवस्था छ ।[1] कर्मचारी तहमा विशिष्ट श्रेणीको एक जना सचिव रहने प्रावधान छ । हाल आयोगको केन्द्रीय कार्यालय ललितपुरको हरिहरभवनमा रहेको छ । सात प्रदेशमा प्रादेशिक कार्यालयहरू क्रमशः कोशी प्रदेश कार्यालय विराटनगर, मधेश प्रदेश कार्यालय जनकपुर, वाग्मती प्रदेश कार्यालय हेटौंडा, गण्डकी प्रदेश कार्यालय पोखरा, लुम्बिनी प्रदेश कार्यालय बुटवल, कर्णाली प्रदेश कार्यालय सुर्खेत र सुदुरपश्चिम प्रदेश कार्यालय धनगढी रहेका छन । यसै गरी कोशी प्रदेश खोटाङ, लुम्बिनी प्रदेश नेपालगञ्ज र कर्णाली प्रदेश जुम्लामा प्रदेश शाखा कार्यालयहरू रहेका छन् । आयोगको कार्यलाई व्यवस्थित तरिकाबाट सञ्चालनार्थ केन्द्रीय तहमा चार विभाग र १३ महाशाखाको व्यवस्था गरिएको छ ।

आयोगले आफ्नो कार्यसम्पादन गर्नको लागि नेपाल सरकारबाट स्वीकृत ३०९ जनाको स्थायी दरबन्दी रहेकोमा आ.व. २०७९/२०८० मा २१६ जना कर्मचारीहरू कार्यरत रहेका छन् । आयोगका कर्मचारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी नियमावलीअनुरूप विज्ञापन र छनौट लोकसेवा आयोगबाट हुदै आएको छ । रिक्त पदहरूमा लोकसेवा आयोगबाट पदपूर्तिसम्बन्धी कार्य अन्तिम चरणमा पुगिसकेको छ । सङ्घीय संरचनाअनुरूप आयोगले तयार गरी स्वीकृतिको लागि नेपाल सरकारसमक्ष पठाएको साङ्गठनिक संरचना स्वीकृत नहुँदा त्यसको असर आयोगको कामकारबाहीमा पर्न गएको छ ।

## १.३. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग २५, धारा २४९ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य तोकिएको छ । यसअन्तर्गत मानव अधिकार उल्लङ्घन वा दुरुत्साहन सम्बन्धमा छानबिन तथा अनुसन्धान

१ [1] नेपालको संविधानको धारा २४८

गरी पीडितलाई क्षतिपूर्ति तथा मानव अधिकार उल्लङ्घनकर्ता (दोषी)-उपर कारबाहीको लागि सिफारिस गर्न सक्छ । यसको साथै मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी प्राप्त पदाधिकारीले सो अनुकूल कार्य नगरेमा विभागीय कारबाही गर्न र मुद्दा चलाउनुपर्ने भएमा मुद्दा चलाउन सिफारिस गर्ने साथै मानव अधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक गरी अभिलेख राख्ने अधिकार आयोगलाई तोकिएका छन् । त्यसै गरी नागरिक समाजसँगको समन्वय र सहकार्यमा मानव अधिकारको चेतना अभिवृद्धि गर्ने, मानव अधिकारसँग सम्बन्धित कानुन आवश्यकताअनुसार संशोधन र मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा नेपाल सरकारलाई सिफारिस गर्न सक्छ ।

संविधानको धारा २४९ (३) अनुसार आयोगले कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराइ बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशीप्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्छ । मानव अधिकारको गम्भीर उल्लङ्घनको कुनै सूचना आयोगले प्राप्त गरेमा व्यक्ति वा निजको आवास वा कार्यालयमा विनासूचना प्रवेश गरी खानतलासी लिन सक्दछ । सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने, सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने, उद्धार गर्ने, पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति दिन आदेश दिनेलगायतका अधिकार आयोगसँग निहित रहेका छन् ।

परिच्छेद–दुई

# आयोगबाट सम्पादित संरक्षणसम्बन्धी कार्यहरू

## २.१. उजुरी/सूचनाहरू

आयोगमा हालसम्म १३ हजारभन्दा बढी उजुरीहरू दर्ता भएका छन् । प्राप्त उजुरीलाई चुस्त, दुरुस्त र व्यवस्थित बनाउन सूचना-प्रविधिको माध्यमबाट उजुरी व्यवस्थापन प्रतिवेदन प्रणाली (Complaint Management and Reporting System-CMRS) कार्यान्वयनमा ल्याइएको छ । मानव अधिकारको उल्लङ्घन/हनन् भएको अवस्थामा आयोगमा पीडित आफैं वा निजको तर्फबाट सञ्चारको जुनसुकै माध्यमबाट आयोगमा उजुरी दर्ता गर्न सकिने व्यवस्था रहेको छ। उजुरी दर्ता गर्दा कुनै पनि दस्तुर र हदम्याद लाग्ने छैन ।[१] सूचना प्रविधिको प्रयोग गरी विद्युतीय प्रविधि (Website, Mobile App, Email) बाट पनि उजुरी दिन सकिन्छ ।

गत वर्षभन्दा यस आ.व.मा उजुरीमा केही कमी आएको छ । आ.व. २०७९/२०८० मा आयोगमा जम्मा १०० वटा उजुरीहरू दर्ता भएका छन् । जसमा नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घनसँग सम्बन्धित ४५ र आर्थिक तथा सामाजिक अधिकारको हनन् भएको भनी ९ वटा उजुरीहरू रहेका छन् । त्यसै गरी यातनाविरुद्धको अधिकार १२, बाल अधिकारको हनन् ११ र महिला अधिकारविरुद्ध ९ उजुरीहरू का छन् । अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन ४, जातीय विभेदविरुद्धको अधिकार २ र व्यक्ति बेपत्ताविरुद्धको अधिकार, वातावरणको अधिकार र ज्येष्ठ नागरिकको अधिकारसम्बन्धी १/१ वटा उजुरी दर्ता भएका छन् । यसै गरी आयोगको क्षेत्राधिकारबाहिर पर्ने उजुरीमाथि सम्बन्धित निकायमार्फत उपचार खोज्न परामर्श दिनुको साथै त्यस प्रकृतिका उजुरीहरू सम्बन्धित निकायमा कारबाहीको लागि पठाइएका छन् ।

## २.२ अनुगमनसम्बन्धी कार्यहरू

आयोगले यस आ.व. (२०७९/२०८०) मा मानव अधिकारका विविध विषयहरूमा २२० पटक अनुगमन गरेको छ। अनुगमन गरिएका विषयहरूमा कारागार र हिरासत कक्ष, बालसुधार गृहको अवस्था, प्राकृतिक विपत्ति तथा महामारी, बिमानस्थल, शिक्षा, स्वास्थ्यको अधिकार रहेका छन् । यसै गरी श्रमिकको अधिकार, विकास र वातावरणको अधिकार, जातीय भेदभावविरुद्धको अधिकारका विषयमा अनुगमन भएको छ । महिला तथा बालबालिकाको अधिकार, एच.आई.एड्स.सङ्क्रमित व्यक्तिहरू, संरक्षित क्षेत्र आसपास बसोबासरत व्यक्तिहरू, अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी जनजाति तथा अल्पसङ्ख्यकको मानव अधिकारको अवस्थालगायतका विषयहरूमा पनि अनुगमन गरिएको अवस्था छ । यस आ.व.मा सम्पन्न प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनको समेत मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरिएको छ। नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था र आकस्मिक रूपमा हुने अनुगमनबाट प्राप्त तथ्यको आधारमा सम्बन्धित निकाय, संस्थालाई तत्काल र दीर्घकालीन रूपमा चाल्नुपर्ने कदमका बारेमा आवश्यक सुझाव, निर्देशन र सिफारिससमेत गर्दै आएको छ ।

१ राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

### तालिका–१




## २.३. आयोगबाट भएका अनुसन्धान

मानव अधिकार उल्लङ्घन र दुरुत्साहनका घटना सम्बन्धमा आयोगले संविधान, ऐन, नियमको परिधिभित्र रही अनुसन्धान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउदै आएको छ। यस अवधिमा विगत र यस आ.व.मा आयोग कार्यालयहरूमा दर्ता हुन आएका र स्वविवेकीय आधारमा ग्रहण गरिएका विभिन्न ३५४ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ। जसमा गैरन्यायिक थुना, हत्या, अपहरण, यातना महिला, बालबालिका, शिक्षा र निर्वाचनमा भएको हिंसालगायतका उजुरीहरू रहेका छन्। हालसम्म आयोगमा अनुसन्धान सम्पन्न भई निर्णय हुन बाँकी रहेका उजुरीको सङ्ख्या १४०२ रहेको छ।

### तालिका–२



## २.४. उजुरीमाथि भएका निर्णय र सिफारिसहरू

यस आ.व.मा आयोगको ४२ वटा बैठक बसी अनुसन्धान सम्पन्न गरिएका ४०४ उजुरीहरूमाथि निर्णय र सिफारिस भएका छन् । जसमा ११५ वटा (कारबाही र क्षतिपूर्ति) र १३ वटा नीतिगत सिफारिस रहेका छन् । यसै गरी २७८ वटा उजुरीहरू तामेलीमा राखिएका छन् भने ११ वटा उजुरी खारेजी गरिएका छन् । मानव अधिकार उल्लङ्घनकर्ता भनी ६६ जनामाथि कानुनी कारबाहीका लागि सिफारिस गरिएको छ ।

**तालिका–३**

**निर्णय भएका उजुरीहरूको विषयगत विवरण (आ.व. २०७९/२०८०)**

| क्र.स. | विषयहरू | सिफारिस सङ्ख्या | | तामेली | खारेज/ लगत कट्टा | जम्मा |
|---|---|---|---|---|---|---|
| | | नीतिगत | उजुरीगत | | | |
| १ | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR)<br>- नागरिक अधिकार, न्याय-प्रशासन, राजनीतिक अधिकार, कारागार/हिरासतको अवस्था, निर्वाचन, बन्द/हडताल/अनशन, गैरकानुनी पक्राउ/थुना, धम्की आदि । | ६ | ३५ | १२३ | ८ | १७२ |
| २ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR)<br>- विस्थापित, आर्थिक/सामाजिक अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, सांस्कृतिक अधिकार, खाद्य/कृषि, उपभोक्ताको अधिकार, श्रम/रोजगारीको अधिकार, आवासको अधिकार, सामाजकि सुरक्षा आदि । | २ | ८ | ६४ | १ | ७५ |
| ३ | यातना तथा अन्य क्रूर अपमानजनक व्यबहारविरुद्धको महासन्धि (CAT) | | २२ | ५१- | २ | ७५ |
| ४ | बाल अधिकारसम्बन्धी महासन्धि (CRC)<br>- बाल हिंसा, बाल विवाह, बाल सुधारगृहको अवस्था, शिक्षा, सामाजिक सुरक्षा, मानव बेचबिखन, लागू पदार्थ दुर्व्यसनी आदि । | १ | - | ५ | - | ५ |
| ५ | महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW)<br>- महिला हिंसा, बेचबिखन, यौन शोषण, महिला शिक्षा, आदि । | २ | ५ | ६ | - | १३ |

| निर्णय भएका उजुरीहरूको विषयगत विवरण (आ.व. २०७९/२०८०) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | विषयहरू | सिफारिस सङ्ख्या | | तामेली | खारेज/लगत कट्टा | जम्मा |
| | | नीतिगत | उजुरीगत | | | |
| ६ | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD)<br>- दलित समुदायको अधिकार, सामाजिक विभेद | १ | १ | ६ | - | ८ |
| ७ | अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि (CPRD)<br>- अपाङ्गता भएका व्यक्तिहरूको सबै अधिकारको अवस्था | - | १ | ३ | - | ४ |
| ८ | बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICED) | - | २९ | १६ | - | ४५ |
| ९ | सबै आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICMW)<br>- विदेशमा बस्ने नेपालीहरूको अधिकार, आप्रवासी कामदारको अवस्था, कोरोना (कोभिड १९) महामारीले पारेको असर आदि । | - | - | २ | - | २ |
| १० | सामूहिक अधिकार<br>- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, आदिवासी जनजाति, वातावरण आदि । | १ | १ | २ | - | ४ |
| जम्मा | | १३ | १०२ | २७८ | ११ | ४०४ |

परिच्छेद–तीन

# आयोगबाट सम्पादित संवर्धनसम्बन्धी कार्यहरू

## ३.१. सम्पादित कार्यहरू

संविधान र ऐनको व्यवस्था, आयोगको छैटौ रणनीतिक योजना र वार्षिक कार्ययोजनाको आधारमा संवर्धनसम्बन्धी विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । मानव अधिकार संवर्धनतर्फ आवश्यकता र औचित्यताको आधारमा एकल र सहकार्य/समन्वयमा कार्यहरू सम्पन्न भएका छन् । आयोगबाट सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकार, सरकारी, गैर-सरकारी संस्था, नागरिक समाज, व्यावसायिक सङ्घसंस्थाहरू लगायत अन्तर्राष्ट्रिय समुदायसँग पनि समन्वय र सहकार्यमा कार्यहरू सम्पन्न भएका छन् । तालिम, गोष्ठि, मानव अधिकार शिक्षासम्बन्धी कार्यक्रम सम्पन्न भएका छन् । विभिन्न सङ्घसंस्थाद्वारा आयोजित कार्यक्रममा स्रोतव्यक्ति, प्रमुख अतिथि, अतिथि, विषयविज्ञको रूपमा सहभागी भई विषयवस्तुमाथि संस्थागत धारणाहरू प्रस्तुत गरेको छ । प्रतिवेदन प्रकाशन, प्रेस-विज्ञप्ति, छापा तथा विद्युतीय सञ्चारमाध्यम आदिबाट संवर्धनसम्बन्धी कार्यहरू सम्पन्न भएका छन् । आवश्यकता तथा विषयवस्तुको गाम्भीर्यता हेरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सरोकारवालाहरूसँग छलफल, अन्तर्क्रिया, गोष्ठी, तालिम, अनुभव आदान-प्रदान आदि सम्पन्न भएका छन् । यस आ.व.मा आयोगले २३१० वटा संवर्धनसम्बन्धी कार्यहरू सम्पन्न गरेको छ ।

तालिका–४



## तालिका–५




### (क) प्रकाशन र वितरण

आयोगले मानव अधिकार शिक्षाको प्रवर्धन गर्ने उद्देश्यले विगत आठ वर्षदेखि निरन्तर रूपमा मानव अधिकारसँग सम्बन्धित विभिन्न स्तरीय लेख तथा अनुसन्धानमूलक रचनालाई समावेश गरी मानव अधिकार जर्नल (संवाहक) प्रकाशनमा आएको छ । आयोगका कार्यालयहरूबाट मानव अधिकार अवस्थाको विश्लेषणसहित वार्षिक गतिविधि पुस्तिकाहरू प्रकाशन भएका छन् । यसको साथै आयोगका गतिविधिहरूलाई समेटी मानव अधिकारपत्र वेबसाइटमार्फत सार्वजनिक हुँदै आएको छ ।

### (ख) मानव अधिकार अभिलेखालयको स्थापना

आयोग स्थापनाको पृष्ठभूमि र मानव अधिकारको विषयमा भएका कार्यहरूलाई भौतिक रूपमा समेत प्रदर्शन/अभिलेखन गर्ने उद्देश्यले मानव अधिकार अभिलेखालयको स्थापना गर्ने कार्यको आरम्भ भएको छ । अभिलेखालयमा आयोगको स्थापनाकालदेखिका सामग्रीहरू, सशस्त्र द्वन्द्व, तत्कालीन मानव अधिकार उल्लङ्घनका उजुरीको प्रकृति (हत्या, हिंसा, बेपत्ता, अपहरण, आन्तरिक विस्थापन आदि) मानव अधिकार संरक्षण र संवर्धनमा भएका प्रयासहरूलाई चित्रात्मक रूपमा राखिएको छ । तत्कालीन विद्रोही पक्ष नेकपा (माओवादी) र तत्कालीन सुरक्षा फौजद्वारा भएका गम्भीर मानव अधिकार हननका घटनाहरू (दोरम्बा हत्या काण्ड, मैना सुनुवार हत्या काण्ड, सरला सापकोटाको हत्यालगायत) को बारेमा सङ्क्षिप्त रूपमा तस्वीरसहितका सामग्रीहरू सङ्ग्रहित गरिएको छ । यसै गरी सशस्त्र द्वन्द्वकालमा आयोगको भूमिका र हस्तक्षेप, अन्तर्राष्ट्रिय मञ्चमा आयोगले गरेका पहल, लैङ्गिक तथा सामाजिक समावेशीकरण सवालमा आयोगले गरेका प्रयासहरू सङ्ग्रहित छन् ।

### (ग) तालिम तथा प्रशिक्षण कार्यक्रम

यस आ.व.मा विभिन्न तालिम एवम् प्रशिक्षण कार्यक्रम पनि भएका छन् । मानव अधिकारको विषयमा केन्द्रित रही उच्चशिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयबाट तालिम साथै प्रशिक्षण दिएको छ । त्यसै गरी मानव अधिकारको सचेतना तथा शिक्षा प्रवर्धनका लागि मानव अधिकारसम्बन्धी अन्य संवैधानिक आयोग, स्थानीय तह तथा सरकारी एवम् सुरक्षा निकाय, गै.स.सं., र व्यावसायिक सङ्घसंस्थाहरूसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । यसको साथै अन्य निकायबाट आयोजित मानव अधिकारका विषयमा स्रोत व्यक्तिको रूपमा पनि आयोगले सहभागिता जनाउदै आएको छ । यस प्रकृतिका कार्यबाट मानव अधिकार संस्कृतिको अभ्यास र विकासमा थप टेवा पुग्दै आएको छ ।

परिच्छेद–चार

# आयोगबाट सम्पादित कानुन पुनरावलोकन र सन्धिजनित कार्यहरू

## ४.१ कानुनसम्बन्धी कार्यहरू

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ६ अन्तर्गत आयोगले मानव अधिकारसम्बन्धी कानुनहरूको निर्माण तथा संशोधन गर्नुपर्ने भएमा नेपाल सरकारलाई राय दिनसक्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार आयोगले निरन्तर रूपमा राय/परामर्शसमेत दिँदै आएको छ। यस आ.व.मा आयोगले नेपाल सरकारलाई दिएका राय/सुझाव निम्नानुसार रहेका छन्ः

(क) मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणका सम्बन्धमा नीतिगत रूपमा आवश्यक व्यवस्था गर्न ।

(ख) बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्दा आयोगले उपलब्ध गराएको १२ बुँदे रायसुझावलाई ग्रहण गर्न र

(ग) वर्तमान संविधानबमोजिम राज्यको सङ्घीय संरचनालाई आधार मानी आयोगले पठाएको संशोधित प्रस्तावलाई स्वीकृत गर्न ।

## ४.२ सन्धिजनित कार्यहरू

– संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा विरुद्धको समितिमा (CEDAW Committee) पेस गर्नुपर्ने सातौं प्रतिवेदनको मस्यौदा तयार ।

– अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयन अवस्था अनुगमन प्रतिवेदनको मस्यौदा तयार ।

## ४.३ श्रमिकको मानव अधिकारसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर

नेपालको राष्ट्रिय मानव अधिकार आयोग र कतारको राष्ट्रिय मानव अधिकार समितिबीच नेपाली श्रमिकहरूको मानव अधिकारको रक्षाको लागि २०८० जेठ २५ (तदनुसार, ८ जुन २०२३) मा द्विपक्षीय सम्झौता सम्पन्न भएको छ । समझदारीपत्रमा विशेष गरी आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणका लागि गुनासो तथा उजुरीहरूको सम्बोधन गर्न सहयोग गर्ने उल्लेख छ। यसै गरी दुवै पक्षले एक-अर्काको देशमा रहेका नागरिकहरूको मानव अधिकार र स्वतन्त्रताको उल्लङ्घनका घटनाहरूबारे पारस्परिक जानकारी र सहयोग गर्ने, सूचना आदानप्रदान गर्ने भनिएको छ । श्रमिक, रोजगारदाता र प्रबन्धक, श्रमिक सङ्घ र कुटनीतिक नियोगहरूलाई आप्रवासी श्रमिकको अधिकारका सवाल, विद्यमान कानुन, अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरू र आइएलओ श्रम महासन्धिबारे प्रशिक्षण सञ्चालन गर्ने एवम् आप्रवासी श्रमिकहरूलाई कानुनी सहयोगलगायतका विषयहरू समावेश भएका छन् ।

परिच्छेद–पाँच

# आयोगको सिफारिस, निर्णय वा आदेश कार्यान्वयनको अवस्था

नेपालको संविधानको धारा २४९ तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम मानव अधिकार संरक्षणको लागि मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान तथा अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गर्ने प्रावधान रहेको छ ।

हालसम्म आयोगमा परेको उजुरीको अनुसन्धान गरी २८,१३,०१,१९७ (अठ्ठाइस करोड तेह्र लाख एक हजार एक सय सन्तानब्बे मात्र) रुपियाँ क्षतिपूर्तिको रकम सम्बन्धित पीडितको नाममा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको थियो । सिफारिस रकममध्ये करिब ७,००,००,०००।- (सात करोड) रुपियाँमात्र पीडितले क्षतिपूर्ति रकम पाएको आयोगलाई जानकारी प्राप्त भएको छ ।

तालिका–६



तालिका–७
निर्णय विवरण (आ.व. २०७९–२०८०)




यसै गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा १८९ जनालाई यस आ.व.मा दोषी किटानी गरिएको छ । हालसम्म ३५८ जनालाई कारबाहीको लागि सिफारिस गरिएकोमा जम्मा ३७ जनालाई मात्र कारबाही भएको छ । आयोगबाट हालसम्म १४०७ सिफारिस गरिएकोमा कार्यान्वयनको अवस्था अत्यन्त न्यून देखिन्छ ।

आयोगले यस आ.व. मा ४२ वटा बैठक बसी ४०४ वटा उजुरीको अनुसन्धान प्रतिवेदनमा ११५ वटा सिफारिस, ७६ वटा कारबाही, ५९ वटा क्षतिपूर्ति र १३ वटा नीतिगत सिफारिस गरेको छ । यसै गरी २७८ उजुरी तामेली र ११ उजुरी खारेजी गरिएका छन् । यस आ.व.मा ६६ जना मानव अधिकार उल्लङ्घनका दोषीमाथी कारबाहीका लागि सिफारिस गरिएको छ ।

परिच्छेद–६

# आयोगबाट आ.व. २०७९/२०८० मा उजुरीमाथि गरिएका निर्णय र सिफारिसहरूको सङ्क्षिप्त व्यवहोरा

१. **उजुरी नं** : ५०५, सम्पति क्षति/यातना (माओवादीबाट), सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**पीडित** : लालबहादुर बम, मल्लादेवी गा.वि.स. वडा नं ४ हाल पुचौडी न.पा. वडा नं. ८ बैतडी ।

**आयोगको निर्णय र सिफारिस** : श्री सत्य मा.वि. पाण्डुसेन बाजुराका शिक्षकसमेत रहेका निज बमलाई सुरक्षाकर्मीहरूले मिति २०५९/२/१५ गते नियन्त्रणमा लिई कुटपिट गरी यातना दिएको र निजकी श्रीमतीलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले मिति २०६०/६/४ गते कुटपिट गरी धनमालसमेत लुटी लगेको अनुसन्धानबाट पुष्टि हुन आएकोले निजहरू दुवै जनालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम क्षतिपूर्तिस्वरूप जनही रु. २५,०००/-(पच्चीस हजार) का दरले उपलब्ध गराउन ।

२. **उजुरी नं.** : ८३६, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**पीडित** : मनवीर लवारलगायत ४८ परिवार ऐ.ऐ ।

**आयोगको निर्णय र सिफारिस** : हलिया समुदायहरूमध्ये २८ परिवारको मात्र प्रमाणीकरण भई परिचयपत्र पाएका, बाँकी हलिया परिवार प्रमाणीकरणबाट वञ्चित भएकोले प्रमाणीकरण हुन छुटेकालाई तत्कालै प्रक्रिया पुरा गरी प्रमाणीकरण गर्न, मुक्त हलियाहरूको जीवनस्तर उकास्न विशेष नीति कार्यक्रम तयार गरी लागू गर्न र मुक्त हलिया र नेपाल सरकारबीच मिति २०६५/४/२० मा भएको ५ बुँदे सम्झौता कार्यान्वयन गर्न ।

३. **उजुरी नं** : ७०४, हत्या, (माओवादीबाट), सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**पीडित** : शंकर थापा, सिउडी गा.वि.स. वडा नं. ८, अछाम ।

**आयोगको निर्णय र सिफारिस** : निज थापालाई मिति २०६१/२/१९ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ता खण्टे कामीले हत्या गरेको र जिल्ला प्रहरी कार्यालय, अछाममा निज खण्टे कामीका विरुद्ध जाहेरी दर्ता भइसकेकोले घटनाको अनुसन्धान प्रक्रिया अगाडी बढाउन र मृतकका कानुनबमोजिमका हकवाला परिवारलाई रु.३,००,०००।- (तीन लाख रुपियाँमात्र) क्षतिपूर्ति उपलब्ध गराउन ।

४. **उजुरी नं.**: १९९५, सुरक्षाकर्मीद्वारा कुटपिट/यातना, वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर ।

**पीडितः** सुदर्शन रेग्मी, तत्कालीन नौविसे गा.वि.स. २, धादिङ ।

**आयोगको निर्णय र सिफारिस** : निज सुदर्शन रेग्मीलाई सैनिकहरूले मिति २०६०/७/१२ गते नियन्त्रणमा लिई यातना दिएको पुष्टि भएको हुँदा दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र यातना पीडित सुदर्शन रेग्मीलाई क्षतिपूर्तिस्वरूप रु. २,००,०००/ (दुई लाख रुपियाँ) उपलब्ध गराउन ।

५. **उजुरी नं.**: १७०१, सम्पत्ति क्षति (माओवादी), वाग्मती प्रदेश कार्यालय सानेपा, ललितपुर ।

**पीडित** : तेज बहादुर डोटेल, देउपुर गौरीविसौना गा.वि.स. ३, काभ्रेपलाञ्चोक ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०६०/१२/२३ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले पीडतको घर बम विष्फोट र आगजनी गरी ध्वस्त बनाएको र हाल पीडितको मृत्यु भइसकेको देखिँदा निजका हकवाला परिवारलाई क्षतिपूर्तिस्वरूप जम्मा रु.३,००,०००।– (तीन लाखमात्र) उपलब्ध गराउन ।

६. **उजुरी नं.**: ४७३३, हत्याः नेकपा (माओवादी) बाट, वाग्मती प्रदेश कार्यालय, सानेपा ललितपुर ।

**पीडित** : राजु थिङ भन्ने राजकुमार थिङ, डाडागाउँ गा.वि.स. वडा नं. ७ (हाल खानीखोला गा.वि.स. ३, काभ्रेपलाञ्चोक ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई तत्कालीन नेकपा (माओवादी) -का कार्यकर्ताहरूले मिति २०६१/९/८ गते नियन्त्रणमा लिई हत्या गरेको पुष्टि हुन आएकोले दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र मृतकका हकवालालाई क्षतिपूर्तिस्वरूप रु ३,००,०००।- (तीन लाख रुपियाँमात्र) उपलब्ध गराउन ।

७. **उजुरी नं.**: २३३, हत्या (सैनिकद्वारा), वाग्मती प्रदेश कार्यालय सानेपा, ललितपुर ।

**पीडित** : हरिबहादुर कार्की, सिजुवा गा.वि.स. वडा नं ५, मोरङ ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई २०५९।५।१० गते राति सेनाले नियन्त्रणमा लिई गोली हानी हत्या गरेको पुष्टि हुन आएकोले दोषी सैनिकहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

८. **उजुरी नं.**: ८९९, हत्या (सेनाबाट), वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर ।

**पीडितः** सन्देश भन्ने मुकुन्द सेन, सुनौलाबजार गा.वि.स. वडा नं ५, धादिङ ।

**आयोगको निर्णय र सिफारिस** : निज मुकुन्द सेनलाई २०५९।५।१० गते तत्कालीन शाही नेपाली सेनाले नियन्त्रणमा लिइसकेपछि गोली हानी हत्या गरेको पुष्टि हुन आएको हुँदा दोषी सेनाको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र मृतकका कानुनबमोजिमका हकवालालाई क्षतिपूर्तिस्वरूप रु.३,००,०००।- (तीनलाख) मात्र उपलब्ध गराउन ।

९. **उजुरी नं.**: ९००, हत्या, (माओवादी), वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर ।

**पीडित**ः रामचन्द्र श्रेष्ठ, कटुन्जे गा.वि.स. वडा नं ३ धादिङ ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई मिति २०५९।६।२० गते तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले नियन्त्रणमा लिई हत्या गरेको पुष्टि हुन आएको हुँदा दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र मृतकका कानुनबमोजिमका हकवालालाई क्षतिपूर्तिस्वरूप रु.३,००,०००। (तीनलाख रुपियाँ) उपलब्ध गराउन ।

१०. **उजुरी नं.**: ४६७, बम विष्फोटबाट घाइते, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर ।

**पीडित** : लेखनाथ अधिकारी, अयोध्यापुरी गा.वि.स. वडा नं २, चितवन ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०६२।२।२३ गते यात्रु बसलाई तत्कालीन नेकपा (माओवादी) -का कार्यकर्ताहरूले विद्युतीय धरापमा पारी बिष्फोट गराई ध्वस्त बनाउँदा निज लेखनाथ अधिकारी घाइते/अपाङ्गता भएकोले क्षतिपूर्तिस्वरूप थप रु. १,००,०००। (एक लाख रुपियाँ) उपलब्ध गराउन र दोषीलाई कारबाही गर्ने ।

११. **उजुरी नं.**: २४३, बम विष्फोटबाट घाइते, वाग्मती प्रदेश कार्यालय सानेपा ललितपुर ।

**पीडित**ः पवन खड्का, कल्याणपुर गा.वि.स. वडा नं ८ माडी, चितवन ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०६२।२।२३ गते सार्वजनिक यात्रु बसलाई लक्षित गरी तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले विद्युतीय धरापमा पारी विष्फोट गराउँदा निज पवन खड्का घाइते/अङ्गभङ्ग भएकोले क्षतिपूर्तिस्वरूप रु. १,००,०००। (एक लाख रुपियाँ) उपलब्ध गराउन र घटनामा संलग्न दोषीलाई कारबाही गर्न ।

१२. **उजुरी नं.**: १९३, शिक्षाको अधिकार, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला ।

**पीडित** : समीता कुमाल, रमिता कुमालसमेत ८ बालबालिका, सोरु गाउँपालिका वडा नं. ३, मुगु ।

**आयोगको निर्णय र सिफारिस** : यसमा ८ जना बालबालिकाहरू तत्कालीन अवस्थामा शिक्षाको अधिकारबाट वञ्चित भई आएकोमा हाल माइती नेपालद्वारा सञ्चालित विद्यालयमा पठनपाठन गरिरहेको भन्ने देखिए पनि देशका विभिन्न दुर्गम स्थानहरूमा शिक्षाको अधिकारबाट बालबालिकाहरू वञ्चित हुन नदिई शिक्षाको अधिकार देशव्यापी रूपमा सुनिश्चितता गर्नको लागि सङ्घ, प्रदेश र स्थानीय सरकारलाई सिफारिस गर्ने

१३. **उजुरी नं.** : ८४, गैरन्यायिक हत्या (नेपाली सेना), वाग्मती प्रदेश कार्यालय, सानेपा ।

**पीडित** : मेघराज वि.क., रानीचुरी गा.वि.स. वडा नं. ५, सिन्धुली ।

**आयोगको निर्णय र सिफारिस** : निज मेघराज वि.क.लाई तत्कालीन संयुक्त सुरक्षाफौजले मिति २०५५/६/१७ गते घरबाटै पक्राउ गरेर गोली हानी हत्या गरेको पुष्टि हुन आएको देखिँदा घटनामा संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

१४. **उजुरी नं.** : ६५२, गैरन्यायिक हत्या (नेपाली सेना), गण्डकी प्रदेश कार्यालय, पोखरा ।

**पीडित** : यमबहादुर छन्त्याल, बुर्तिबाङ गा.वि.स. वडा नं. ९, वाग्लुङ ।

**आयोगको निर्णय र सिफारिस** : निज यमबहादुर छन्त्याललाई तत्कालीन संयुक्त सुरक्षाफौजको टोलीले मिति २०५९/१/१ गते पक्राउ गरी गोली हानी हत्या गरेको पुष्टि हुन आएकोले घटनामा संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्ने ।

१५. **उजुरी नं.**: ३३६, यातना (नेपाली सेना), गण्डकी प्रदेश कार्यालय पोखरा ।

**पीडित** : अमृत दर्जी, अर्गल गा.वि.स. वडा नं. ९, वाग्लुङ ।

**आयोगको निर्णय र सिफारिस** : निज अमृत दर्जीलाई शाही नेपाली सेनाले नियन्त्रणमा लिई कुटपीट तथा चरम यातना दिए पश्चात निजको मानसिक अवस्था बिग्रिन गएको देखिएकोले संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्ने र क्षतिपूर्तिस्वरूप रु.२५०,०००।- (दुई लाख पचास हजार रुपियाँ) उपलब्ध गराउन ।

१६. **उजुरी नं.**: ३९९, सुरक्षाकर्मीद्वारा बेपत्ता पछि हत्या । मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : गोलियादेवी पासवान, साविक खरिहानी गा.वि.स. वडा नं. ६, धनुषा ।

**आयोगको निर्णय र सिफारिस** : निज गोलियादेवी पासवानलाई सुरक्षाकर्मीहरूले २०५९। ९।२३ गते पक्राउ गरी गोली हानी हत्या गरेको पुष्टि हुन आएकोले दोषीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्ने र मृतकको कानुनबमोजिमको हकवालालाई रु.३,००,०००। (तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

१७. **उजुरी नं.**: १२६, सुरक्षाकर्मीद्वारा बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : राम भगत सदा, साविक राजपुर गा.वि.स. वडा नं. ६, सिरहा जिल्ला ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई संयुक्त सुरक्षा टोलीले मिति २०६०।५।९ गते घरबाटै पक्राउ गरी बेपत्ता बनाएको र निजको स्थिति हालसम्म सार्वजनिक भएको नपाइएकोले निज रामभगत सदाको स्थिति अविलम्ब सार्वजनिक गर्ने र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्ने ।

१८. **उजुरी नं.** : १३०, सुरक्षाकर्मीद्वारा बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : शुभनारायण यादव, साविक हकपाडा गा.वि.स. वडा नं. १, सागरपुर, सिरहा जिल्ला ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई सुरक्षाकर्मीले बलपूर्वक बेपत्ता बनाएको देखिएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गर्ने र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्ने ।

१९. **उजुरी नं.** १३६, सुरक्षाकर्मीद्वारा बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : गगवा महरा, साविक मडान गा.वि.स. (वडा नं. नखुलेको), धनुषा ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई सुरक्षाकर्मीले २०६१ साउनमा पक्राउ गरी बेपत्ता बनाएको पुष्टि हुन आएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गरी दोषी सुरक्षाकर्मीको पहिचान गर्न र कानुनबमोजिमको हकवालालाई रु.३,००,०००।–(रु. तीन लाख) क्षतिपूर्ति उपलव्ध गराउन ।

२०. **उजुरी नं**. : १४२, सुरक्षाकर्मीद्वारा बेपत्ता । मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : बौएलाल महरा, साविक विष्णुपुर (प्र.म.) गा.वि.स., वडा नं. ४, सिरहा जिल्ला ।

**आयोगको निर्णय र सिफारिस** : निज महरालाई सुरक्षाकर्मीले मिति २०६१ सालको श्रावण महिनामा घरबाट पक्राउ गरी बेपत्ता बनाएको पुष्टि हुन आएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गरी दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

२१. **उजुरी नं**. : ४१, सुरक्षाकर्मीद्वारा बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : बौका भन्ने कुशेश्वर महरा, साविक सितापुर गा.वि.स. वडा नं. ४, सिरहा जिल्ला ।

**आयोगको निर्णय र सिफारिस** : निज महरालाई सुरक्षाकर्मीले २०६०।११।१५ गते पक्राउ गरी बेपत्ता बनाएको पुष्टि हुन आएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गरी दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

२२. **उजुरी नं**.: २४१, माओवादी कार्यकर्ताहरूबाट अपहरण पश्चात बेपत्ता, मधेश प्रदेश कार्यालय,जनकपुर ।

**पीडित** : संजय यादव, साविक राधोपुर गा.वि.स.वडा नं. ५, बल्वाटोल, सिरहा ।

**आयोगको निर्णय र सिफारिस** : निज यादवलाई तत्कालीन नेकपा (माओवादी) -का कार्यकर्ताहरूले मिति २०६५।२।७ गते अपहरण गरी बेपत्ता बनाएको पाइएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गरी आरोपित माओवादी कार्यकर्ताहरूउपर कानुनबमोजिम गर्न र निजका कानुनबमोजिमका हकवालालाई रु. २,५०,०००। (दुई लाख पचास हजार रुपियाँ) राहत उपलव्ध गराउन ।

२३. **उजुरी नं**. : १२७, सुरक्षाकर्मीद्वारा बेपत्ता । मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : श्रीराम सदा, जगेश्वर सदा र गणेशी सदा, साविक राजपुर गा.वि.स. वडा नं. ६, सिरहा जिल्ला ।

**आयोगको निर्णय र सिफारिस** : उल्लेखित व्यक्तिहरूलाई २०६०।५।९ गते संयुक्त सुरक्षाफौजले पक्राउ गरी बेपत्ता बनाएको पुष्टि हुन आएकोले निजहरूको स्थिति अविलम्ब सार्वजनिक गरी दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

२४. **उजुरी नं**. १३९, सुरक्षाकर्मीद्वारा बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : विनोद महतो, साविक अर्नामा गा.वि.स. वडा नं. २, ब्रम्हपुरी, सिरहा ।

**आयोगको निर्णय र सिफारिस** : निज महतोलाई मिति २०६०।६।३ मा संयुक्त सुरक्षाफौजले घरबाटै पक्राउ गरी बेपत्ता बनाएको पुष्टि हुन आएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गरी दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

२५. **उजुरी नं**. : १२९, सुरक्षाकर्मीद्वारा बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : श्रीनारायण यादव, साविक लक्ष्मीनियाँ गा.वि.स. वडा नं ८, तारापट्टी, सिरहा जिल्ला ।

**आयोगको निर्णय र सिफारिस** : निज यादवलाई मिति २०६०।६।२८ मा संयुक्त सुरक्षाफौजले घरबाटै पक्राउ गरी बेपत्ता बनाएको पुष्टि हुन आएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गर्न र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

२६. **उजुरी नं**. : १४०, सुरक्षाकर्मीद्वारा बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : सवरी यादव, साविक सनैठा गा.वि.स. वडा नं १, सिरहा जिल्ला ।

**आयोगको निर्णय र सिफारिस** : निज यादवलाई मिति २०६०।६।२८ संयुक्त सुरक्षाफौजले घरबाटै पक्राउ गरी बेपत्ता बनाएको पुष्टि हुन आएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गर्न र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

२७. **उजुरी नं**. : १४३, सुरक्षाकर्मीद्वारा बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : फुलगेन पासमान, साविक कल्याणपुरजव्दी गा.वि.स. वडा नं ५, सिरहा जिल्ला ।

**आयोगको निर्णय र सिफारिस** : निज पासमानलाई मिति २०६०।९।११ मा सुरक्षाफौजले पक्राउ गरी बेपत्ता बनाइएको पुष्टि हुन आएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गर्न र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

२८. **उजुरी नं**. १३१, सुरक्षाकर्मीद्वारा बेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : रामखेलावन साह, साविक मिर्चैया गा.वि.स. वडा नं २, रामनगर, सिरहा जिल्ला ।

**आयोगको निर्णय र सिफारिस** : निज साहलाई प्रहरीले मिति २०५८।२।२८ गते पक्राउ गरी बेपत्ता बनाएको पुष्टि हुन आएकोले निजको स्थिति अविलम्ब सार्वजनिक गर्न र दोषी प्रहरीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

२९. **उजुरी नं**. ७८८(क), आर्थिक समाजिक अधिकार, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**पीडित** - करन राना र निजकी श्रीमती राजु राना (दमाई), शिवनाथ गापा६ वैतडी ।

**आयोगको निर्णय र सिफारिस** : स्थानीयले पीडितहरूको घरमा आगजनी गरेका र निजहरू आफ्नो निवासमा बस्न नसकी विस्थापित भएकोले पीडितहरू आफ्नै घरठेगाना पुनःस्थापित भई बस्नसक्ने गरी आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउन ।

३०. **उजुरी नं**. : ४०१, यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**पीडित** : लक्ष्मीप्रसाद जैसी (न्यौपाने), भजनी गा.वि.स. वडा नं ३, कैलाली ।

**आयोगको निर्णय र सिफारिस** : निज लक्ष्मीप्रसाद जैसीलाई माओवादीले आफ्नो नियन्त्रणमा राखी यातना दिएको तथ्य पुष्टि हुन आएकोले घटनामा संलग्न दोषी माओवादी कार्यकर्ता पहिचान गरी कारबाही गर्न र रु. ५०,०००/- (पचास हजार रुपैयाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

३१. **उजुरी** : नं ५६९, हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**पीडित** : शितल कठरिया (थारु), घोडाघोडी नगरपालिका (साविक पहलमानपुर-६), कैलाली ।

**आयोगको निर्णय र सिफारिस** : निज थारुलाई तत्कालीन माओवादी कार्यकर्ताले निर्मम कुटपिट गरेको र उपचारको क्रममा भेरी अञ्चल अस्पताल नेपालगञ्जमा मृत्यु भएको खुल्न आएकोमा पीडित परिवारले हालसम्म राज्यबाट रु. ६,५०,०००/(छ लाख पचास हजार रुपियाँ) प्राप्त गरिसकेको देखिँदा घटनामा संलग्न दोषी पहिचान गरी कारबाही गर्न ।

३२. **उजुरी नं** : ५६९, अपहरण, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली ।

**पीडित** : मानबहादुर साउद, गदरिया गा.वि.स. वडा नं ६ कैलाली ।

**आयोगको निर्णय र सिफारिस** : निज मिति २०६२/९/२६ देखि हालसम्म बेपत्ता भएका र निजको स्थिति सार्वजनिक हुन नसकेको देखिँदा निजको प्रभावकारी खोजतलास गरी त्यसको जानकारी आयोगलाई समेत दिन ।

३३. **उजुरी नं**ः ३४९, यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली ।

**पीडित** : जिल्ला कैलाली मसुरिया गा.वि.स. वडा नं ४ बस्ने डम्बर अधिकारी ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई मिति २०५८/६/१५ गते सुरक्षाकर्मीले पक्राउ गरी शारीरिक तथा मानसिक यातना दिएको पुष्टि हुन आएकोले रु. १,००,०००/ (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र घटनमा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न ।

३४. **उजुरी नं.** : १६६९, बेपत्ता (संयुक्त सुरक्षाफौज), लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडित**ः शोभाराम थारु, साविक ढोढरी गा.वि.स. वडा नं. ८, हाल मधुवन नगरपालिका वडा नं. ४, बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : शोभाराम थारुलाई मिति २०५९ साल जेठ ११ गते संयुक्त सुरक्षाफौजको टोलीले नियन्त्रणमा लिई हालसम्म बेपत्ता बनाएको पुष्टि हुन आएकोले दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र निजको अवस्था यथाशीघ्र सार्वजनिक गर्न ।

३५. **उजुरी नं.**: ९७०, बेपत्ता (शाही नेपाली सेना), लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** नरबहादुर राना, साविक मगरागडी गा.वि.स. वडा नं २, बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई मिति २०५९ साल श्रावण १४ गते तत्कालीन शाही नेपाली सेनाले नियन्त्रणमा लिई हालसम्म बेपत्ता बनाएको पुष्टि हुन आएकोले दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र बेपत्ता पारिएका निजको अवस्था यथाशिघ्र सार्वजनिक गर्न ।

३६. **उजुरी नं.**: १३७३, यातना (नेकपा माओवादी ), लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज,

**पीडितः** रामकुमार यादव, साविक शमसेरगंज २, बाँके, हाल कोहलपुर न.पा. १५, बाँके ।

**आयोगको निर्णय र सिफारिस** : रामकुमार यादवलाई मिति २०५९।२।२५ गते तत्कालीन नेकपा माओवादीहरूले कुटपिट गरी यातना दिएको पुष्टि हुन आएकोले दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र पीडितलाई थप रु. ५०,०००। (पचास हजार रुपियाँ) उपलव्ध गराउन ।

३७. **उजुरी नं**. १६१४, बेपत्ता (शाही नेपाली सेना), लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** दिलराज योगी, साविक सुर्य पटुवा गा.वि.स. वडा नं ४, हाल ठाकुरद्वारा न.पा. वडा नं १, बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : निज दिलराज योगीलाई सेनाले मिति २०५८।८।२७ गते पक्राउ गरी हालसम्म बेपत्ता पारेको पुष्टि हुन आएकोले दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र निजको अवस्था यथाशीघ्र सार्वजनिक गर्न ।

३८. **उजुरी नं**. १६८२, बेपत्ता (सुरक्षाकर्मीबाट), लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** चैनराम थारु (भन्ते), साविक मनाउ गा.वि.स. वडा नं १, हाल गेरुवा गा.पा. वडा नं ४ बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई २०६० सालमा सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको पुष्टि हुन आएकोले दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र बेपत्ता पारिएका चैनराम थारु (भन्ते) को अवस्था यथाशीघ्र सार्वजनिक गर्न ।

३९. **उजुरी नं.**: १४३०, बेपत्ता (सुरक्षाकर्मीबाट), लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** छुनिलाल चौधरी (छुनुवा थारु), साविक खैरिचन्दनपुर गा.वि.स. वडा नं ८, हाल राजापुर न.पा वडा नं. १०,बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : छुनिलाल चौधरीलाई मिति २०५९।७।३ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म पनि बेपत्ता पारेको पुष्टि हुन आएकोले दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र निजको अवस्था यथाशिघ्र सार्वजनिक गर्न ।

४०. **उजुरी नं.**: ३३९, बेपत्ता (शाही नेपाली सेना), लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** डिलाराम वन (गिरी) साविक पाताभार गा.वि.स. वडा नं ६, बर्दिया, हाल गेरुवा गाउपालिका वडा नं. १ बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई मिति २०५८।१२।२३ गते तत्कालीन शाही नेपाली सेनाको टोलीले पक्राउ गरी बेपत्ता पारेको पुष्टि हुन आएकोले दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र निजको अवस्था यथाशीघ्र सार्वजनिक गर्न ।

४१. **उजुरी नं.**: १३४४, यातना तथा सम्पति कब्जा (सेनाबाट), लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** शेषकान्त शर्मा साविक कोहलपुर गा.वि.स. वडा नं ३, हाल कोहलपुर नगरपालिका वडा नं ११, बाँके ।

**आयोगको निर्णय र सिफारिस** : निज शेषकान्त शर्मालाई मिति २०५८।८।१४ गते सेनाले पक्राउ गरी यातना दिई सम्पत्तिसमेत लुटपाट गरेको पुष्टि हुन आएकोले दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र पीडित परिवारलाई राहतस्वरूप रु. २,५०,०००/ (दुई लाख पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलव्ध गराउन ।

४२. **उजुरी नं.** : ४०६८/७४६, यातना, वाग्मती प्रदेश कार्यालय सानेपा ।

**पीडित** : विष्णुप्रसाद आचार्य, जिल्ला रसुवा भोर्ले गा.वि.स. वडा नं. ७ ।

**आयोगको निर्णय र सिफारिस** : विष्णुप्रसाद आचार्यलाई मिति २०५९/५/२२ गते नेकपा (माओवादी) -कार्यकर्ताले कुटपीट गरी देब्रे खुट्टा र दाहिने हात भाँची दिई मर्‍यो भनी छोडेर हिँडेको र लामो समयको उपचारपछि नक्कली खुट्टाले हिँड्डुल गर्दै आएको पुष्टि हुन आएको हुँदा घटनामा संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

४३. **उजुरी नं.** : ६१, कारागारमा रहेको अवस्थामा मृत्यु (यातना), लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगन्ज ।

**पीडितः** भक्तबहादुर सुनार, ठाकुरबाबा न.पा. वडा नं. ९ वेतेनी, बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : निज भक्तबहादुर सुनुवार ललितपुर जिल्लाको नख्खु कारागारमा थुनामा रहेका बेला मिति २०७५/१/२१ गते अचानक बिरामी भई मिति २०७५/१/२२ गते मृत्यु भएको, चिकित्सकीय कागजातको अध्ययनबाट निजलाई रसायनयुक्त पदार्थ सेवन गराईदा निजको मृत्यु भएको, कारागार प्रशासन तथा सम्बन्धित सुरक्षा संयन्त्रको कमजोरी तथा लापबाहीका कारण निजको मृत्यु भएको देखिएकोले निज सुनुवारको मृत्यु भएको घटनाको छानबिन गर्न गठित समिति, २०७५ को सुझाव कार्यान्वयन गर्न, कारागारको सुरक्षा प्रणालीमा सुधार गर्न र आपराधिक कार्यमा संलग्न कारागारका कर्मचारीलाई जिम्मेवार बनाउन र ऐन, कानुन, निर्देशिका बनाउन वा संशोधन गर्नुपर्ने भए गर्न ।

४४. **उजुरी नं**. : ४०४२/गौर घटना ।

**पीडितहरू** : प्रतिमा खातुन समेत गरी विभिन्न जिल्लाका २७ जना मृतकसहित अन्य ११५ जना घाइतेहरू ।

**आयोगको निर्णय र सिफारिस** : तत्कालीन नेकपा (माओवादी) र तत्कालीन मधेशी जनअधिकार फोरमबीच राजनैतिक टकराव, प्रतिक्रिया र प्रतिशोधपूर्ण भावनाको कारण रौतहट जिल्लाको गौरमा मिति २०६३/१२/७ गते २७ जना व्यक्तिहरूको हत्या र अन्य ११५ जना घाइते भएको देखिएकोले मृतकलाई जनही रु. ३,००,०००/(तीन लाख) को दरले क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेहरूको निःशुल्क उपचार गराउन, राजनीतिक दलहरूलाई सचेत गराउन ।

४५. **उजुरी नं**.: २४४४, सैनिक हिरासतमा यातना, वाग्मती प्रदेश कार्यालय ।

**पीडित** : प्रमिला सिलवाल (खत्री), टिकाथली गा.वि.स. वडा नं. ९, ललितपुर ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई मिति २०६०/११/१३ गते सुरक्षाकर्मीले पक्राउ गरी २१ दिन सैनिक हिरासतमा गैरकानुनी थुनामा राखेको पाइएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्तिनिर्धारण) नियमावली २०६९ को नियम २५(२) बमोजिम २१ दिनको जम्मा रु. १०,०००।- (अक्षरेपी दश हजार मात्र) (प्रतिदिन रु. ५००।- को दरले) क्षतिपूर्ति उपलब्ध गराउन ।

४६. **उजुरी नं**.: ३२०१, यातना (बलको प्रयोग) वाग्मती प्रदेश कार्यालय ।

**पीडित** : शिव बोहरा र गोकुल लामिछाने, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ ।

**आयोगको निर्णय र सिफारिस** : निजहरूलाई मिति २०६२/५/२८ गते प्रहरीले गिरफ्तार गरी अङ्गभङ्ग हुने गरी निर्मम ढङ्ले कुटपीट गरेको पाइएकोले दुबै जनालाई जनही रु. २५,०००। (पच्चीस हजार रुपियाँ) को दरले क्षतिपूर्ति उपलब्ध गराउने ।

४७. **उजुरी नं**. : ४६६६, यातना, वाग्मती प्रदेश कार्यालय ।

**पीडितहरू**: देवराज बराल, भिमेश्वर न.पा. १०, दोलखा, विष्णु बराल ऐ.ऐ वडा नं. १०, दोलखा र रामचन्द्र खाती ऐ.ऐ वडा नं. ९, दोलखा ।

**आयोगको निर्णय र सिफारिस** : यसमा पीडितहरूलाई मिति २०६६/३/२० गते प्रहरीले पक्राउ गरी कुटपीट गरी शारीरिक तथा मानसिक यातना दिइएको देखिएकोले निजहरू तीनैजनालाई जनही रु. २५,०००। (पच्चीस हजार रुपियाँ) का दरले क्षतिपूर्ति दिन ।

४८. **उजुरी नं**. : ७७८ यातना, वाग्मती प्रदेश कार्यालय, हेटौँडा मकवानपुर ।

**पीडित** : भरतप्रसाद भट्ट, का.म.न.पा. वडा नं. १० देवीनगर काठमाडौँ घर भई सिलगढी न.पा. वडा नं. १ डोटी ।

**आयोगको निर्णय र सिफारिस** : निज भट्टलाई मिति २०६२/१०/३ गते सेनाले नियन्त्रणमा

लिई कुटपिट गरी यातना दिँदा निजको मानसिक स्वास्थ्यमा गम्भीर असर पुग्न गएको देखिँदा तत्कालीन समयमा रणशार्दुल गणमा कार्यरत दोषी सैनिकको पहिचान गरी कारबाही गर्न र रु. ३,००,०००। (अक्षेरुपी तीन लाख रुपियाँमात्र) क्षतिपूर्ति उपलब्ध गराउन ।

४९. **उजुरी नं**. : ३१२, अपहरण/बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडित** : खड्कु चन्द, डुडुवा गा.पा. वडा नं. ५, बाँके ।

**आयोगको निर्णय र सिफारिस** : निज खड्कु चन्दलाई तत्कालीन नेकपा (माओवादी) -का कार्यकर्ताले मिति २०६१।१।१८ गतेदेखि अपहरण गरी १८ दिनसम्म अवस्था अज्ञात बनाएको र हाल निजको मृत्युसमेत भइसकेको देखिँदा पीडित/मृतकका परिवारलाई बेपत्ता बनाएको दिन १८ को प्रतिदिन रु. ५००। का दरले जम्मा रु. ९०००। (नौ हजार रुपियाँ) क्षतिपूर्ति दिलाउन ।

५०. **उजुरी नं**. ४२३०, अपाङ्गता, वाग्मती प्रदेश कार्यालय ।

**पीडित** : दिना कार्की, तत्कालीन कल्लेरी गा.वि.स. वडा नं. २, धादिङ/

५१. **उजुरी नं**. ४२३१ अपाङ्गता, वाग्मती प्रदेश कार्यालय ।

**पीडित** : सुन्दर कार्की, कल्लेरी गा.वि.स. २, धादिङ ।

**आयोगको निर्णय र सिफारिस** : यसमा सशस्त्र द्वन्द्वको समयमा द्वन्द्वरत पक्षले जथाभावी छोडेको बम विस्फोट भई पीडितहरू दुवैजना घाइते भएको देखिँदा पीडितहरू दिना कार्की र सुन्दर काकीलाई जनही रु. १००,०००। (एक लाख रुपियाँ) का दरले राहत रकम उपलब्ध गराउन ।

५२. **उजुरी नं**. : ७८२/३२७, बेपत्ता/हराएको, गण्डकी प्रदेश कार्यालय, पोखरा ।

**पीडित** : विनोद पौड्याल, तत्कालीन हंशपुर गा.वि.स. वडा नं. १, कास्की ।

**आयोगको निर्णय र सिफारिस** : निज विनोद पौड्याल वि.सं. २०५८ साल फागुन महिनामा भिटामिन (ए) खुवाउने कार्यक्रमअन्तर्गत जनस्वास्थ्य कार्यालय म्याग्दीबाट लुलाङ जाने क्रममा बाटोबाटै सम्पर्कविहीन भएकोमा हालसम्म पनि बेपत्ता रहेको देखिँदा निजको निरन्तर खोजी कार्य जारी राख्न ।

५३. **उजुरी नं**. : ३८८, हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा ।

**पीडित** : रणबहादुर पुर्जा, तत्कालीन लुलाङ गा.वि.स. वडा नं. ६, म्याग्दी ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई मिति २०६०/१२/१० गते तत्कालीन शाही नेपाली सेना, कालीप्रसाद गण (ई) का सेनाहरूले पक्राउपछि कुटपिट गरी यातना दिएका र त्यसैको कारणबाट निजको मृत्यु हुन गएको, मृत्यु भएपछि निजका आफन्तलाई लास नबुझाएको र त्यसबाट मृतक परिवारको सांस्कृतिक अधिकारसमेत उल्लङ्घन हुन गएको देखिँदा घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानुनी कारबाही गर्न ।

५४. **उजुरी नं.**: ४०५/३६३५, बेपत्ता पछि हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा ।

**पीडितः** देवराज पौडेल, तत्कालीन जिता गा.वि.स. वडा नं. ९, लमजुङ, र कृष्णबहादुर बस्नेततत्कालीन सूर्यपाल गा.वि.स. वडा नं. ५, लमजुङ ।

**आयोगको निर्णय र सिफारिस** : दुवै जनालाई नेपाल प्रहरीले मिति २०५६/३/३ गते पक्राउ गरी बेपत्ता पारेको खुल्न आएकाले संलग्न प्रहरी कर्मचारीहरूउपर छानबिन गरी कारबाही गर्न ।

५५. **उजुरी नं.** : ३८२, यौनजन्य हिंसा, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडितः** ... बर्दिबास गा.वि.स. वडा नं.५, महोत्तरी ।

**आयोगको निर्णय र सिफारिस** : निज पीडितलाई सशस्त्र प्रहरी बल, नेपाल, छिन्नमस्ता गणका पाँच जना प्रहरीहरूले मिति २०५९/३/३२ गते राती यौनजन्य हिंसा गरी जङ्गलमा लगि मरणासन्न अवस्थामा छाडी हिंडेका भन्ने खुल्न आएकोले मनासिव क्षतिपूर्ति उपलब्ध गराउन, आजीवन निःशुल्क उपचारको व्यवस्था मिलाउन, शीघ्र नागरिकता प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाउन, पूर्ण प्रतिवेदन नाम उल्लेख भएका दोषीहरूलाई कारबाही गर्न ।

५६. **उजुरी नं.**: .... यौनजन्य हिंसा, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**पीडितः** ..., अछाम ।

**आयोगको निर्णय र सिफारिस** : यसमा ... अछामकी १७ बर्षीया ... सहित सातजना महिलालाई मिति २०६०/४/२९ गते सुरक्षाकर्मीको टोलीले प्रक्राउपछि बलात्कार समेत गरेको खुल्न आएकोले तत्काल रु. २,५०,०००/(दुई लाख पचास हजार रुपियाँ) अन्तरिम राहत उपलब्ध गराउन ।

५७. **उजुरी नं.** : २४९, यौनजन्य हिंसा, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**पीडितः** ..., ..., ... र ..., कञ्चनपुर ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०६०/८/२० गते राति संयुक्त सुरक्षाफौजको टोलीले जर्बजस्ती करणी गरेको र अन्य ..., ... तथा ... लाई जर्बजस्ती करणीको प्रयास गरेको खुल्न आएकोले पीडित मध्ये ... लाई रु. ३,००,०००/ (तीन लाख रुपियाँ) र ..., ... र ... लाई जनही रु. ५०,०००/(पचास हजार रुपियाँ) क्षतिपूर्तिवापत उपलब्ध गराउन र घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न ।

५८. **उजुरी नं.** : ५७६, हत्या, प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडित** : नविना चौधरी, मधुवन नगरपालिका वडा नं. २, बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : उक्त क्षेत्रमा जङ्गली जनावरले पटक-पटक मानिसलाई आक्रमण गरी ज्यान लिने र क्षति पुऱ्याउने कार्य गर्दै आएको तर सरकारले रोकथामको प्रयास नगरेको भन्दै स्थानीयले विरोध प्रदर्शन गर्दा सुरक्षाकर्मीले चलाएको गोली लागी

स्थानीय नविना चौधरीको मृत्यु भएको पुष्टि हुन आएकोले घटनाका दोषी सुरक्षकर्मीको पहिचान गरी कारबाही गर्न र सो क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको मर्यादित जीवन जीउन पाउने अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था मिलाउन ।

५९. **उजुरी नं.**: १५९८, अपहरण, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**पीडित**ः जहरसिंह बोगटी, साविक डोटी गा.वि.स. वडा नं. २ डोटी ।

**आयोगको निर्णय र सिफारिस** : निज जहरसिंह बोगटीलाई मिति २०६०/११/१५ गते तत्कालीन नेकपा (माओवादी) ले अपहरण गरी विभिन्न किसिमका शारीरिक तथा मानसिक पीडा दिएका, निजको पसलसमेत लुटपाट गरेको देखिएकोले निजलाई रु. ३,००,०००/- (तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र दोषी माओवादी कार्यक्रर्ताको पहिचान गरी कारबाही गर्न ।

६०. **उजुरी नं.** : ७४९, न्याय-प्रशाासन (आत्महत्या), सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**पीडित**ः सागर लामा, भजनी गा.वि.स. वडा नं. ३, कैलाली ।

**आयोगको निर्णय र सिफारिस** : यसमा जिल्ला कारागार कार्यालय कैलालीमा कैद जीवन बिताइरहेका सागर लामाले मिति २०७१/६/२० गते कारागारभित्र आफ्नै कारणबाट मानसिक तनावमा रही आत्महत्या गरेको देखिएकोले यस प्रकारका घटना दोहोरिन नदिन, मृतकका नाबालकहरूको लागि उचित छात्रवृतिको व्यवस्था गर्न र कैदी तथा बन्दीहरूलाई मनोसामाजिक परामर्श उपलब्ध गराउन ।

६१. **उजुरी नं.**: १८१४, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडित**ः फक्लु थारु, तत्कालीन मानपुरटपरा गा.वि.स. २, बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई मिति २०५९/७/७ गते राज्यपक्षले घरबाट पक्राउ गरी बेपत्ता पारेको पुष्टि भएकोले निजको अवस्था सार्वजनिक गर्न र बेपत्ता पार्ने दोषी सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न ।

६२. **उजुरी नं.**: १९२५, मृत्यु, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडित**ः यामबहादुर मल्ल, डाँडापराजुल गा.वि.स. वडा नं. ७, दैलेख हाल तत्कालीन रझेना गा.वि.स. वडा नं. ८, बाँके ।

**आयोगको निर्णय र सिफारिस** : निज मल्ललाई तत्कालीन नेकपा (माओवादी) ले अपहरण गरी कुटपिट गरेको र सोही कारणले उपचारको क्रममा मिति २०६४/११/१५ गते मृत्यु भएको देखिँदा दोषी पहिचान गरी कारबाही गर्न र मृतक परिवारलाई रु.३,००,०००/ (तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन

६३. **उजुरी नं.**: १३३७, यातना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडित**ः मुकुन्दसिंह वली, तत्कालीन नौबस्ता गा.वि.स. वडा नं. ९, तिलकपुर, बाँके ।

**आयोगको निर्णय र सिफारिस** : निज वलीलाई मिति २०५९/६/१३ गते प्रहरीले पक्राउ गरी भौमकाली दल गुल्म चिसापानी ब्यारेकमा राखी यातना दिएको पुष्टि हुन आएकोले संलग्न तत्कालीन शाही नेपाली सेना भीमकाली गुल्मका सैनिकको पहिचान गरी कारबाही गर्न र पीडित मुकुन्दसिंह ओलीलाई रु. २,५०,०००/ (दुई लाख पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

६४. **उजुरी नं** : १०४, मृत्यु/घाइते, लुम्बिनी प्रदेश कार्यालय बुटवल ।

**पीडित** : पवन गौतम, तत्कालीन खिदिम गा.वि.स. वडा नं ८, सपौदी अर्घाखाँची, ठाकुर गौतम, ऐ.ऐ. भूमिका गौतम (मरासिनी) ऐ.ऐ., पुष्कर मरासिनी ऐ.ऐ. र पुष्पा मरासिनी ऐ.ऐ. ।

**आयोगको निर्णय र सिफारिस** : यसमा तत्कालीन नेकपा (माओवादी) र सरकारी सेनाबीच मिति २०६२।११।१६ गते भीडन्त हुँदा हरिहर संस्कृत उ.मा.वि. मा कक्षा ८ मा पढ्ने निजहरूमाथी सेनाले चलाएको गोली र वमबाट पवन गौतमको मृत्यु र अन्य घाइते भएका देखिन आएकोले घाइतेहरूको हकमा पीडित भूमिका गौतम (मरासिनी) ले क्षतिपूर्ति नपाएकोले निजलाई रु. २,००,०००। (दुई लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

६५. **उजुरी नं**ः ६१२, हत्या, कोशी प्रदेश कार्यालय, विराटनगर ।

**पीडित**ः नारद निरौला, फुङलिङ गा.वि.स. वडा नं २, ताप्लेजुङ ।

**आयोगको निर्णय र सिफारिस** : निज निरौलालाई तत्कालीन नेकपा (माओवादी) जिल्ला फ्याक्सन इञ्चार्ज एस.पी. किराँती समेतले मिति २०५९।९।१८ गते अध्यापन गराइरहेको समयमा अपहरण गरी हत्या गरेको देखिँदा दोषीउपर कानुनी कारबाही अघि बढाउन र हकवालालाई रु. १,५०,०००। (एकलाख पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

६६. **उजुरी नं**.ः १४४४, महिला हिंसा, विराटनगर ।

**पीडित**ः ... (अपाङ्गता भएकी महिला), ..., मोरङ ।

**आयोगको निर्णय र सिफारिस** : अपाङ्गता भएकी महिलालाई झारफुक गर्ने बाहनामा ... ले बलात्कार गरी गर्भवती बनाएकोमा अदालतबाट पीडक भनिएका ... लाई सफाइ दिएको देखिए पनि निजबाट जन्मिएको बच्चाको भविष्यलाई समेत ध्यानमा राखी रु. २,५०,०००। (दुईलाख पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

६७. **उजुरी नं**.ः १७८, सम्पत्तिको अधिकार, प्रदेश नं १ शाखा कार्यालय, खोटाङ ।

**पीडित**ः अर्जुनकुमार रोक्का, डाँडागाउँ गा.वि.स. वडा नं. ८, खोटाङ ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०६२।२।२१ गते तत्कालीन नेकपा (माओवादी)ले पीडितको घर कब्जा गरी चलसम्पत्तिसमेत लगेकोमा मिति २०६४।६।७ गते द्वन्द्व प्रभावित व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा पहिचान समितिको बैठकले रु ३९,७५,०००। (उनन्चालीस लाख पचहत्तर हजार रुपियाँ) क्षति मूल्याङ्कन गरेकोमा हालसम्म निजले रु.

१,३४,७००। (एक लाख चौंतीस हजार सात सय रुपियाँ)-मात्र प्राप्त गरेको देखिँदा नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि २०६६ को मापदण्डबमोजिम क्षतिपूर्ति उपलब्ध गराउन ।

६८. **उजुरी नं.**: १०५४, बाल अधिकार कोशी प्रदेश कार्यालय, विराटनगर ।

**पीडित**ः सुष्मिता आचार्यसमेत, सप्तकोशी आवासीय विद्यालय उर्लाबारी, मोरङ ।

**आयोगको निर्णय र सिफारिस** : यस घटनामा दुवै पक्षबीच मिलापत्र भई मिलापत्रको सर्तहरूसमेत पूर्णरूपमा पालना भएको देखिदा उजुरीमा उल्लेखित दुवै विद्यालयलाई बालबालिका माथि शारीरिक दण्ड दिने कार्य नदोहोर्‍याउन ध्यानाकर्षण गरी पत्राचार गर्ने ।

६९. **उजुरी नं.**: २५७ सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी ।

**पीडित**ः जयसुर कार्की, साविक साडेपानी गा.वि.स. वडा नं ५ कैलाली ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०६१/११/१७ गते सेना र माओवादी समूहबीच दोहोरो भिडन्तपछि सेनाले चलाएको गोली लागि निज कार्कीको बाँया खुट्टा भाँचिन गएको र हालसम्म पनि निजको खुट्टा असामान्य रहेको देखिएकोले तत्कालीन सुरक्षा बेसक्याम्प सुखडमा कार्यरत दोषी सुरक्षाकर्मी पहिचान गरी कारबाही गर्न र पीडितलाई रु.२,६०,०००/ (दुई लाख साठी हजार रुपियाँ) क्षतिपूर्तिउपलब्ध गराउन

७०. **उजुरी नं.**: ३६२०, बेपत्ता/क्षतिपूर्ति, वाग्मती प्रदेश कार्यालय, हेटौँडा ,

**पीडित**ः सुजिन्द्र महर्जन, किर्तिपुर न.पा. १४ काठमाडौँ र पञ्चलाल महर्जन, किर्तिपुर न.पा. १४ काठमाडौँ

**आयोगको निर्णय र सिफारिस** : तत्कालीन शाही नेपाली सेनाले सुजिन्द्र महर्जनलाई मिति २०६०/७/२९ पक्राउ गरी १३ महिनापछि मिति २०६१/८/१७ गते भएको र पञ्चलाल महर्जन पक्राउ नै नपरेको, निजहरूको सम्पत्ति क्षति भएको पुष्टि भएको देखिँदा पीडित सुजिन्द्र महर्जनलाई रु. ३,००,०००/- (तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

७१. **उजुरी नं.**: ९४३, यातना, वाग्मती प्रदेश कार्यालय, हेटौँडा ।

**पीडित**ः ठुलोकान्छा बस्नेत, चित्लाङ २ मकवानपुर ।

**आयोगको निर्णय र सिफारिस** : यसमा पक्राउको क्रममा प्रहरी जवान विनोद ठाकुरले आवेशमा आइ कुटपिट गर्दा निजको कानको जालीमा चोट लाग्न गएको देखिन आएको हुँदा घटनामा संलग्न प्रहरी जवान विनोद ठाकुरलाई सचेत गराउन र पीडितलाई रु. १,००,०००। (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

७२. **उजुरी नं.**: ४७४१, यातना, वाग्मती प्रदेश कार्यालय, हेटौँडा

**पीडित**ः कालुमान तामाङ तत्कालीन फुलासी गा.वि.स. ७, पोखरीबजार, रामेछाप ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई पक्राउ गरी गैरकानुनी रूपमा छ महिनासम्म सैनिक

हिरासतमा राखी यातना, अमानवीय, अपमानजनक व्यवहार भएको देखिएकोले यातना दिने कार्यमा संलग्न भैरवनाथ गण, महाराजगञ्ज, नेपाली सेनाका तत्कालीन गणपतिलाई कारबाही र पीडित कालुमान तामाङलाई रु. १,५०,०००। (एक लाख पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

७३. **उजुरी नं.**: ३४१, यातना, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देही ।

**पीडितः** चुडामणी ढकाल, तत्कालीन रुद्रपुर गा.वि.स. वडा नं. ४, गरगरे, रूपन्देही ।

**आयोगको निर्णय र सिफारिस** : निज ढकाललाई मिति २०५९/४/२४ गते नेपाल प्रहरीले नियन्त्रणमा नेपाली सेनाको व्यारेकमा पुऱ्याई शारीरिक तथा मानसिक यातना दिएको देखिएकोले निजलाई रु. ३,००,०००/(तीन लाख रुपियाँ) क्षतिपूर्ति दिन र यातना दिने कार्यमा संलग्न तत्कालीन शाही नेपाली सेनाको रामनगर व्यारेकका प्रमुख सहितका दोषीहरूको पहिचान गरी कारबाही गर्न ।

७४. **उजुरी नं.**: ३४२, यातना, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देही ।

**पीडितः** विश्वनाथ ढकाल, तत्कालीन रुद्रपुर गा.वि.स. वडा नं. ४, गरेगरे, रूपन्देही/

७५. **उजुरी नं.**: ३४३, यातना, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देही ।

**पीडितः** विधुर ढकाल तत्कालीन रुद्रपुर गा.वि.स. वडा नं. ४, गरेगरे, रूपन्देही ।

**आयोगको निर्णय र सिफारिस** : दुवै जनालाई मिति २०६१/८/३ र ५ गते तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी यातना दिएको देखिँदा पीडितहरू दुवैलाई जनही रु. १५०,०००/ (एक लाख पचास हजार रुपियाँ) का दरले क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न सालझण्डी सुरक्षा बेसक्याम्पमा तत्काल कार्यरत दोषी सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न ।

७६. **उजुरी नं**. ३८, घाइते, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देही ।

**पीडितः** : छविलाल पाण्डे, तत्कालीन अर्खले गा.वि.स. वडा नं. ९, गुल्मी ।

**आयोगको निर्णय र सिफारिस** : निज पाण्डे सेनाले चलाएको गोली लागि घाइते भएका र अहिलेसम्म पनि शारीरिक र मानसिक समस्या रहेकोले रु. १,००, ००० (एक लाख रुपियाँ) थप क्षतिपूर्ति उपलब्ध गराउन र गोली चलाउने तत्कालीन समयमा नेपाली सेना शिव दल गुल्म तम्घासमा कार्यरत सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न ।

७७. **उजुरी नं**. : ३८३, दुर्व्यवहार, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देही ।

**पीडितः** देवकुमार भारती, लालपुर, कपिलवस्तु हाल शिवराज न.पा. वडा नं.१०, कपिलवस्तु ।

**आयोगको निर्णय र सिफारिस** : निज भारतीलाई वन कार्यालय कपिलवस्तुका वन अधिकृत निरज प्याकुरेलले अभद्र व्यवहार गरी दुर्व्यवहार गरेको खुल्न आएकोले सेवाग्राहीप्रति सबै कर्मचारीबाट मर्यादित व्यवहार गर्न गराउन मातहतका सबै कार्यालयमा निर्देशन दिने ।

७८. **उजुरी नं.** : १२२, मृत्यु (बमबाट), लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देही

**पीडितः** इन्द्रबहादुर थापा, बुटवल नगरपालिका वडा नं. ३, दीपनगर (च) लाइन रूपन्देही ।

**आयोगको निर्णय र सिफारिस** : निज थापा (वर्ष १२) को घर नजिक भेटिएको बम विष्फोटबाट मिति २०६३/२/२३ गते मृत्यु भएको देखिएकोले यस्ता घटना नदोहोरिने सुनिश्चितता गर्न नेपाल सरकार र तत्कालीन (माओवादी) पार्टी अर्थात हालको नेकपा (माओवादी केन्द्र) लाई ध्यानाकर्षण गराउने ।

७९. **उजुरी नं.** : ३०४, विस्थापित, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देही

**पीडितः** प्र.स.नि. गिरबहादुर सेन ओली, तत्कालीन म्यालपोखरी गा.वि.स. वडा नं. ८, गुल्मी ।

**आयोगको निर्णय र सिफारिस** : निज ओलीको मिति २०६२/५/६ गते तत्कालीन नेकपा (माओवादी) ले थापेको एम्बुसमा परी मृत्यु भएको देखिएकोले तत्कालीन नेकपा (माओवादी) -कार्यकर्ताको पहिचान गरी कारबाही गर्न ।

८०. **उजुरी नं.**: ४७३, गैरकानुनी थुना/यातना, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देही

**पीडितः** रघुप्रसाद थारु, तत्कालीन शिवपुर गा.वि.स. वडा नं. ४, कपिलवस्तु ।

**आयोगको निर्णय र सिफारिस** : रघुप्रसाद थारुलाई मिति २०५६/१०/१३ गते नेपाल प्रहरीले पक्राउ गरी शारीरिक र मानसिक यातना दिइएको, यातनापछि ३१ दिनपछि खुन डाका मुद्दा लगाई कारागारमा राखिएको देखिएकोले हकवालालाई रु. ३,००,०००/(तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

८१. **उजुरी नं.**: २३५ र १२३६, हत्या, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देही ।

**पीडितः** जगतबहादुर थापा र उपेन्द्र थापा, तत्कालीन दोभान गा.वि.स. वडा नं. ६, पाल्पा ।

**आयोगको निर्णय र सिफारिस** : निजहरूको मिति २०५८/११/१६ गते तत्कालीन शाही नेपाली सेनाको शिवालय गुल्मका सुरक्षाकर्मीले चलाएको गोली लागि घटना स्थलमा नै मृत्यु भएको देखिएकोले दोषी पहिचान गरी कारबाही गर्न ।

८२. **उजुरी नं.**: ४०५४, यातना, वाग्मती प्रदेश कार्यालय हेटौंडा ।

**पीडितः** टेकनाथ गौतम गुन्सी १, रामेछाप ।

**आयोगको निर्णय र सिफारिस** : यसमा निज गौतमलाई मिति २०५९/४/२६ गते तत्कालीन नेकपा (माओवादी) -का कार्यकर्ताले घरबाट कब्जामा लिई कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिएको देखिएको, पीडितले विस्थापित र अपाङ्गता भएवापत राहत प्राप्त गरेको देखिए पनि यातनाजन्य घटनाको क्षतिपूर्ति प्राप्त गर्न नसकेको दखिँदा थप रु १,५०,०००। (एक लाख पचास हजार रुपियाँ) उपलब्ध गराउन र यातना दिन निर्देशन दिने हाल नेकपा (माओवादी केन्द्र) ललितपुर इञ्चार्ज एवम केन्द्रीय सदस्य हरिप्रसाद दाहाल र

संलग्न अन्य दोषीहरूमाथि प्रचलित कानुनबमोजिम कारबाही गर्न ।

८३. **उजुरी नं**. ४०५५, यातना, वाग्मती प्रदेश कार्यालय, हेटौँडा ।

**पीडितः** जीवनाथ गौतम, गुन्सी १, रामेछाप ।

**आयोगको निर्णय र सिफारिस** : निज गौतमलाई मिति २०५९/४/२६ गते अर्चन भन्ने मनप्रसाद गौतम नेतृत्वका माओवादी कार्यकर्ताहरूले घरबाट अपहरण गरी यातना दिएको देखिँदा निजलाई रु. १,५०,०००। (एक लाख पचास हजार) रुपियाँ क्षतिपूर्ति दिन र तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ता अर्चन भन्ने मनप्रसाद गौतम र निजबाट अन्य आरोपीको नाम खुलाउन लगाई प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्न ।

८४. **उजुरी नं**.: २२५३, कारागारमा मृत्यु, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** सुन्दर हरिजन नेपालगञ्ज नगरपालिका वडा नं. २, बाँके ।

**आयोगको निर्णय र सिफारिस** : वर्ष १७ का सुन्दर हरिजन (चमार) को मुद्धामा अनुसन्धानको शुरुवाती अवस्था, अभियोजन र फैसलाको अवस्थासम्म बालकको उमेरतर्फ ध्यान नदिँई प्रक्रियागत त्रुटि हुँदा निजको आत्महत्यासम्मको अवस्था सृजना भएको देखिएकोले घटनामा संलग्न दोषीउपर कारबाही गर्न, मृतक परिवारलाई रु १,००,०००/- (एक लाख रुपियाँ) क्षतिपूर्ति भराइदिन, कारागार ऐन, नियमावली, कार्यविधि, निर्देशिकाको अनिवार्य कार्यान्वयन गर्न र मद्दाको अभियोजन र फैसला गर्दासमेत उमेरको ख्याल राख्न ।

८५. **उजुरी नं**. : ..... ,बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** रामपुरा घर्ती, त्रिभुवन न.पा. वडा नं. ८ घरभई हाल घोराही उ.म.न.पा. वडा नं. १३, दाङ ।

**आयोगको निर्णय र सिफारिस** : रामपुरा घर्तीलाई मिति २०५९/८/१४ गते शाही नेपाली सेनाले घरबाट जबर्जस्ती नियन्त्रणमा लिई बेपत्ता बनाएको र हालसम्म पनि अज्ञात रहेको देखिएकोले घटनामा संलग्न बरखदल गणका जिम्मेवार सैनिकको पहिचान गरी कानुनी कारबाही गर्न र निजको अवस्था सार्वजनिक नभएसम्म खोजी कार्य जारी राख्न ।

८६. **उजुरी नं**.: ८८५, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** बुद्धिराम चौधरी र खोपीराम चौधरी, उरहरी ३, दाङ ।

**आयोगको निर्णय र सिफारिस** : दुबैजनालाई मिति २०५९/२/१८ गते र मिति २०५९/१/१ गते तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी बेपत्ता पारेको देखिएकोले बेपत्ता पार्ने कार्यमा संलग्न दोषीहरूको पहिचान गरी कारबाही गर्न र पीडितहरूको अवस्था सार्वजनिक गर्न ।

८७. **उजुरी नं**. : २१९८, आन्दोलनमा मृत्यु, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** देवबहादुर पाण्डे, प्युठान धर्मवती ४ घर भई इलाका प्रहरी कार्यालय बर्दियामा कार्यरत ।

**आयोगको निर्णय र सिफारिस** : निज प्र.ह. पाण्डेको थारुहटको बन्दहडताल र आन्दोलनको क्रममा अज्ञात समूहले चलाएको गोली लागि मृत्यु भएकोले जिल्ला प्रहरी कार्यालय, बर्दियामा मिति २०७२/५/३१ गते दर्ता भएको जाहेरीउपर शीघ्र अनुसन्धान गरी निष्कर्षमा पुऱ्याउन ।

८८. **उजुरी नं**. : १३६६, यातना, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडितः** मेवालाल गौतम, सानोश्री ५, बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई सुरक्षाकर्मीले पटक-पटक नियन्त्रणमा लिई यातना दिएको र यातनाको कारण अनुसन्धान अवधि २०७८ को पुस महिनासम्म पनि निजको स्वास्थ्यमा समस्या देखिएकोले घटनामा संलग्न तत्कालीन शाही नेपाली सेना सिद्धिबक्स गुल्म गुलरियाका प्रमुख सहितको पहिचान गरी छानबिन गरी कारबाही गर्ने र पीडितलाई थप रु. १,५०,०००/ (एक लाख पचास हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

८९. **उजुरी नं**.: ६६, बम विष्फोटबाट घाइते, कोशी प्रदेश शाखा कार्यालय, खोटाङ ।

**पीडित** : शान्ता बञ्जरा, सुन्तले गा.वि.स. वडा नं. २, खोटाङ ।

**आयोगको निर्णय र सिफारिस** : तत्कालीन शाही नेपाली सेनाले सशस्त्र द्वन्द्वको समयमा जमिनमुनी विछ्याएर राखेको बम मिति २०६४।१२।१० गते बिष्फोट भई एउटा खुट्टा गुमाई अपाङ्गता भई बस्नुपरेको देखिँदा रु.३,००,०००/(तीन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन, पीडितलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन र "सशस्त्र द्वन्द्वबाट पीडित" व्यक्तिभित्र द्वन्द्वरत पक्षले राखेका विष्फोटक पदार्थ विष्फोटन भई घाइते भएका व्यक्तिहरूलाई पनि सम्बोधन हुने गरी कार्यविधि, निर्देशिका वा जे, जहाँ संशोधन, परिमार्जन वा परिभाषित गर्नुपर्ने हो, सो कार्य शीघ्र गरी त्यस्ता पीडितहरूको समस्याको सम्बोधन गर्न ।

९०. **उजुरी नं**. : २१, वातावरण र विकासको अधिकार, कोशी प्रदेश शाखा कार्यालय, खोटाङ ।

**पीडित** : बञ्चकुमार श्रेष्ठ समेत ४५ घरपरिवार, सोलुदुधकुण्ड न.पा. वडा नं. ७ सोलुखुम्बु र

९१. **उजूरी नं**.: २१२ वातावरण र विकासको अधिकार, कोशी प्रदेश शाखा कार्यालय, खोटाङ ।

**पीडित** : प्रेमकुमार श्रेष्ठ समेत, सोलु दुधकुण्ड नगरपालिका वडा नं. ७, सोलुखुम्बु

**आयोगको निर्णय र सिफारिस** : आयोजना स्थलमा बिछ्याईएका पाइप प्रचलित मापदण्ड अनुरूप प्रयोग गरिएकोले पाइप फुटेर क्षति हुने अवस्था नरहेको, परियोजना निर्माणको क्रममा स्थानीयहरूको सहभागिता भएको, घर तथा जग्गा जमीन वापतको मुआब्जा उपलब्ध गराइएको देखिएपनि मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र उपचारमा पहुँच पुऱ्याउने लगायतका व्यवस्थाहरू आयोजनाबाट सूनिश्चित गरिनुपर्ने सम्बन्धमा उपयुक्त कार्यविधि तय गरी कार्यान्वयन गर्न, अन्तर्राष्ट्रिय श्रम सङ्गठन सम्बन्धी महासन्धि नं. १६९, आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र २००७, व्यवसाय र मानव अधिकार सम्बन्धि सिद्धान्त, २०११ र विकासको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र,

१९८६ को व्यवस्थाहरूको कार्यान्वयन पक्षमा ध्यान दिई विकास निर्माण कार्य अघि बढाउन ।

९२. **उजुरी नं.**: १०४०, बेपत्ता, प्रदेश शाखा कार्यालय, खोटाङ (दर्ता के.का.) ,

**पीडित** : चक्रबहादुर कटवाल, कुइभीर ५, ओखलढुङ्गा ।

**आयोगको निर्णय र सिफारिस** : निज कटवाललाई मिति २०५८।८।२८ गतेको जिल्ला सुरक्षा समिति ओखलढुङ्गाको निर्णयबमोजिम प्रमुख जिल्ला अधिकारीसमेतको आदेशबाट पक्राउ गरी तत्कालीन शाही नेपाली सेनाले यातना दिई हत्या गरेको देखिएकोले (पूर्ण प्रतिवेदनमा उल्लेख भएबमोजिमका) दोषीहरूउपर जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा समेत किटानीसहित जाहेरी दर्ता भएकोमा सोको कारबाही अघि बढाइ मुद्दालाई निष्कर्षमा पुऱ्याउन ।

९३. **उजुरी नं.**: १५, सामाजिक बहिष्कार/जातीय भेदभाव, कोशी प्रदेश शाखा कार्यालय, खोटाङ ।

**पीडित**ः टंकप्रसाद आचार्य, दिक्तेल रूपाकोट मझुवागढी न.पा. १, कोलेबारी, खोटाङ ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०७५।२/१८ गतेको सहभोज कार्यक्रममा दलितले दिएको दही खाएको आरोपमा सामाजिक र सांस्कृतिक रूपमा बहिष्कृत भएको पाइएकोले रु. १,००,०००/– (एक लाख) रुपियाँ क्षतिपूर्ति दिलाउन ।

९४. **उजुरी नं.** ११५, सम्पत्तिको अधिकार, कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला ।

**पीडित** : विष्णुबहादुर विष्ट, खुमानन्द आचार्य, धनिराम गौतम र वेद प्रकाश शर्मा, कोटवाडा ३, कालिकोट ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०७१/११/३ गते पीडितको घर तत्कालीन शाही नेपाली सेनाले नियन्त्रणमा लिई नष्ट पारेको र पीडितको पसलमा रहेको रु. ६७,५००। बराबरको सामग्री नष्ट भएको पुष्टि हुँदा पीडितलाई रु. ६७,५००/(सतसट्ठी हजार पाँचसय रुपियाँ) क्षतिपूर्ति दिन ।

९५. **उजुरी नं.**: १२५६, बेपत्ता, के.का. ललितपुर ।

**पीडित** : गोपाल दंगाल, गोविन्दपुर १, मोरङ ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०६०/७/१० गते निजलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको र बेपत्ता पारेको र हालसम्म पनि निजको अवस्था अज्ञात नै रहेको देखिँदा अवस्था शीघ्र सार्वजनिक गर्न र बेपत्ता पार्ने कार्यमा संलग्न दोषी पहिचान गरी कारबाही गर्न ।

९६. **उजुरी नं.** : ५१, गैरकानुनी थुना, कोशी प्रदेश शाखा कार्यालय, खोटाङ ।

**पीडित**ः सुदिप शर्मा भनिने चक्रबहादुर खत्री, हलेसी तुवाचन्द्र नगरपालिका २, डिकुवा, खोटाङ ।

**आयोगको निर्णय र सिफारिस** : यसमा निज सुदीप शर्मा भनिने चक्र बहादुर खत्रीलाई नेपाल प्रहरीले पटक पटक पक्राउ तथा पुनः पक्राउ गरी क्रमशः जिल्ला प्रहरी कार्यालयहरू खोटाङ, उदयपुर, पुनः खोटाङ, सोलुखुम्बु र सिरहा जिल्लाको हिरासतमा गैरकानुनी थुनामा राखिएको देखिन आएकोले (आयोगको पूर्ण प्रतिवेदनमा उल्लेख भएबमोजिमका) मानव उल्लङ्घनकर्ताहरूलाई विभागीय कारबाही गर्न र पीडितलाई रु. १,००,०००/ (एकलाख रुपियाँ क्षतिपूर्ति) उपलब्ध गराउन ।

९७. **उजुरी नं** : ४, दुर्व्यवहार/ कुटपिट, कोशी प्रदेश शाखा कार्यालय, खोटाङ ।

**पीडितहरू** : बालकुमार भट्राई, नेचा सल्यान गाउँपालिका - ३, सोलुखुम्बु, पदमबहादुर राना, खुम्बु पासाङल्हामु गापा - १, सोलुखुम्बु, प्रेमबहादुर थापा मगर, ऐ ऐ र मानकेशव राना मगर ऐ.ऐ.।

**आयोगको निर्णय र सिफारिस** : चारै जनालाई तत्कालीन नेकपा (माओवादी) -का कार्यकर्ताहरूले अपहरण गरी यातनापछि मुक्त गरेको पुष्टि हुन आएकोले यातना दिने कार्यमा संलग्न तत्कालीन नेकपा (माओवादी) -का कार्यकर्ताहरूको पहिचान गरी कानुनी कारबाही गर्न र पीडितहरूमध्ये बालकुमार भट्टराईलाई रु. १,५०,०००/(एक लाख पचास हजार रुपियाँ), पदमबहादुर राना मगरलाई रु. ५०,०००/(पचास हजार), मानकेशव राना मगरलाई ५०,०००/(पचास हजार) र प्रेमबहादुर थापा मगरलाई रु. १,५०,०००/(एक लाख पचास हजार) क्षतिपूर्ति उपलब्ध गराउन ।

९८. **उजुरी नं २४१९** हत्या, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित**ः उमेश यादव (अभिषेक), तत्कालीन नेम्डा गा.वि.स., सप्तरी ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई हत्या गरेको देखिन आएको देखिँदा तत्कालीन समयमा मिति २०६०।९।१ गते सप्तरी जिल्लाको राजविराजमा रहेको सुरक्षा गुल्ममा कार्यरत दोषी सुक्षाकर्मीको पहिचान गरी कानुनी कारबाही अघि बढाउन ।

९९. **उजुरी नं**. : ३४, यातना, मधेश प्रदेश कार्यालय, जनकपुर ।

**पीडित** : रजितकुमार मुखिया, नगराइन नगरपालिका वडा नं. ३ फुलगामा, धनुषा ।

**आयोगको निर्णय र सिफारिस** : निज मुखियालाई इ.प्र.का. फुलगामा धनुषामा कार्यरत प्रहरी नायव निरीक्षक धर्मेन्द्रकुमार सिंहले मिति २०७४।३।९ गते कुटपिट गरी दुर्व्यवहार गरेको पुष्टि हुन आएकोले दोषी प्रनानि धर्मेन्द्रकुमार सिंहलाई विभागीय कारबाही गर्न र पीडित रजितकुमार मुखियालाई रु.३०,००० (तीस हजार रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन ।

१००. **उजुरी नं**. १२२४, महिलाविरुद्धको हिंसा, मधेशको प्रदेश कार्यालय, जनकपुर ।

**पीडित**ः तारादेवी दास, तत्कालीन देउरीकाचन गा.वि.स. वडा नं. २, सप्तरी ।

**आयोगको निर्णय र सिफारिस** : पीडितलाई बोक्सीको आरोप लगाई कुटपीट गरी दिसा खुवाउने जस्ता अमानवीय कार्य भएको घटनामा संलग्न योगेन्द्र यादवसमेत विरुद्ध वर्षाइन प्रहरी चौकीमा जाहेरी दिँदा पनि पीडितले न्याय पाउन नसकेको तथा राज्यको तर्फबाट सो घटनाको सम्बोधन हुन नसकेको देखिएकोले पीडितलाई रु. ५०,०००/(पचास हजार रुपियाँ) क्षतिपूर्ति दिन ।

१०१. **उजुरी नं**. : ६१२, बम विष्फोटबाट घाइते, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली । **पीडितहरू** : (१) रतन वि.क. भन्ने रत्नबहादुर विश्वकर्मासमेत १५ जना, साविक सुगरखाल गा.वि.स. वडा नं. ७, कैलाली ।

**आयोगको निर्णय र सिफारिस** : मिति २०६५/२/२० गते मनबहादुर शाहीको घरमा बम विष्फोट भई तीनजना नाबालक सहित नौ जना घाइते र निज मनबहादुर शाहीसमेत स्थानीयहरूको घरहरूमा क्षति भएकोमा घर तथा सम्पत्ति क्षति भएकामध्ये सबैले क्षतिपूर्ति प्राप्त गरिसकेको तर घाइतेतर्फ हालसम्म कुनै क्षतिपूर्ति प्राप्त नभएको देखिँदा घाइतेहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन (पूर्ण प्रतिवेदनको अनुसूची खण्डमा बिस्तृत रूपमा उल्लेख रहेको) र बम राख्ने कार्यमा संलग्न दोषीको पहिचान गरी कानुनी कारबाही अघि बढाउन ।

१०२. **उजुरी नं**. : ३६१, बेपत्ता, कोशी प्रदेश कार्यालय, विराटनगर, मोरङ ।

**पीडित** : छविलाल आचार्य (जीवन), बुधबारे ६, झापा ।

**आयोगको निर्णय र सिफारिस** : निजलाई तत्कालीन शाही नेपाली सेना सिंहनाथ गणका गस्ती टोलीले पक्राउ गरी मिति २०५९/४/१३ गते हत्या गरेको र टोलीमा उक्त गणका तत्काल कार्यरत सेनानी सुरत रावल (युद्धकार्य अधिकृत) र सोही गणका सहसेनानी चक्रबहादुर कार्कीसमेतको संलग्नता रहेको देखिँदा निजहरूउपर छानबिन गरी कारबाही अघि बढाउन ।

१०३. **उजुरी नं**. ४५२६, स्वास्थ्यको अधिकार, के.का ललितपुर ।

**पीडित** : किशोर मिजार, गजूरी-८, धादिङ ।

**आयोगको निर्णय र सिफारिस** : निज मिझार मिति २०६२/५/२४ गते दोहोरो भिडन्तको क्रममा गोली लागी अपाङ्ग हुन पुगेको देखिँदा आगामी दिनमा नेपाली सेनालाई मानवीय कानुनको अक्षरशः पालना गर्न लेखी पठाउने ।

१०४. **उजुरी नं**. : ५७२, बेपत्ता, लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**पीडित** : भूपेन्द्र के.सी. तत्कालीन ठाकुरद्वार गा.वि.स. वडा नं. ४, सुतैया, बर्दिया ।

**आयोगको निर्णय र सिफारिस** : निज भुपेन्द्र के.सी.लाई बरखदल गण बर्दियाको सैनिकले मिति २०५८/१२/२५ गते पक्राउ गरी बेपत्ता पारेको पुष्टि हुन आएकोले घटनामा संलग्न उक्त गणका सैनिकहरूको पहिचान गरी कानुनी कारबाही गर्न र निजको अवस्था सार्वजनिक गर्न ।

१०५. **उजुरी नं.**: ५२ यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली ।

**पीडितहरूः** गंगाराम सापकोटा, गौरीगंगा नगरपालिका. वडा नं. ९ कैलाली र रामबहादुर चौधरी, ऐ.ऐ

**आयोगको निर्णय र सिफारिस** : पीडितहरू दुबैजनालाई नेपाली सेना ५ नं. बाहिनी अड्डा, तेघरी ब्यारेक कैलालीका सैनिकहरूले पक्राउ गरी विभिन्न सैनिक व्यारेकहरू घुमाइ यातना दिएको देखिएकोले दोषी सैनिकहरूको पहिचान गरी कानुनी कारबाही गर्न र पीडितहरूलाई क्रमशः रु. १,००,०००/(एक लाख रुपियाँ) र रु. १,२५,०००/(एक लाख पच्चीस हजार रुपियाँ) क्षतिपूर्ति दिलाउन ।

१०६. **उजुरी नं**. ४३१, हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली ।

**पीडित** : सुरेन्द्र गिरी तत्कालीन बलिया गा.वि.स. वडा नं. ६, तिलकपुर, कैलाली ।

**आयोगको निर्णय र सिफारिस** : निज गिरीलाई नेकपा (माओवादी) -कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको देखिन आएकोले घटनामा दोषीको पहिचान गरी कानूनी कारबाही गर्न ।

१०७. **उजुरी नं.**: ५१९ हत्या सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली ।

**पीडितः** प्रेमबहादुर डगौरा, तत्कालीन थापापुर गा.वि.स. वडा नं. ४, तिनघरुवा, कैलाली ।

**आयोगको निर्णय र सिफारिस** : निज प्रेमबहादुर डगौरालाई सुरक्षाफौजको गस्ती टोलीले गोली हानी हत्या गरेको देखिँदा घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनी कारबाही गर्न ।

१०८. **उजुरी नः** ७९१ मृत्यु, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली ।

**पीडित** : गौरी बुढा, तुर्माखाँद गापा वडा नं ३ अछाम ।

१०९. **उजूरी नं**. ७९४ मृत्यु, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली ।

**पीडित** : पार्वती बुढा, तुर्माखाँद गाउँपालिका वडा नं. ४, अछाम ।

**आयोगको निर्णय र सिफारिस** : यसमा निजहरू दुवैजना महिनावारी भई छाउगोठमा बसेको अवस्थामा मृत्यु हुन गएको, यस्ता घटनाबाट यसअघि पनि अछाम जिल्लामा १५ जनाको र बाजुरा जिल्लामा तीन जनाको मृत्यु भएको तथ्यगत सन्दर्भमा छाउपडी प्रथा अन्त्यका सम्बन्धमा नेपालको संविधान तथा अन्य प्रचलित कानुनले व्यवस्था गरेको प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न, पीडितको सुरक्षा, क्षतिपूर्ति, उजुरीकर्ताको संरक्षण, मनोसामाजिक परामर्श, पुनःस्थापनाजस्ता पीडितको न्यायमा पहुँचका ँ पूर्वसर्तहरूको सम्बोधन गर्नेतर्फ मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १६८ को यथोचित संशोधन गरी प्रभावकारी बनाउन, विद्यालय तहको पाठ्यक्रममा छाउपडी महिलाविरुद्धको हिंसा र सजाय हुने अपराध हो भनी समावेश गर्न र छाउपडी प्रभावित जिल्ला/क्षेत्रमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न/गराउन ।

११०. **उजुरी नं.**: ७२१, हत्या लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज, बाँके ।

**पीडितः** कोइली कुर्मी, तत्कालीन हिरमिनियाँ गा.वि.स. वडा नं. १ घनघोटना, बाँके ।

**आयोगको निर्णय र सिफारिस** : कोइली कुर्मीलाई मिति २०६२/१०/२० गते तत्कालीन नेकपा (माओवादीका) कार्यकर्ताहरूले अपहरण गरी यातनापछि हत्या गरेको देखिन आएकोले मृतक परिवारलाई रु. ३,००,०००/(तीन लाख रुपियाँ) क्षतिपूर्तिसहित अन्य द्वन्द्वपीडितले राहत पाएसरह राहत उपलब्ध गराउन र घटना घटाउन संलग्न तत्कालीन नेकपा (माओवादी) -कार्यकर्ता नन्कु बेहना र निजबाट नाम खुलाइ अन्य दोषीहरूको समेत पहिचान गरी कानुनी कारबाही गर्न ।

**आ.व.२०७९–२०८० मा मानव अधिकार उल्लङ्घनमा दोषी देखिएका भनी आयोगले निर्णय गरेका व्यक्तिहरूको सङ्क्षिप्त विवरण**

| क्र.स. | उल्लङ्घनकर्ताको नाम | उल्लङ्घन गर्ने कार्यालय | उल्लङ्घनको विषय | कारबाहीको विवरण |
|---|---|---|---|---|
| १ | खण्टे कामी, नेकपा माओवादी कार्यकर्ता | तत्कालीन नेकपा (माओवादी) | अछाम जिल्ला सिउडी गा.वि.स. वडा नं. ८ निवासी शंकर थापालाई मिति २०६१/२/१९ गते चित्रेपाटा भन्ने जङ्गलमा लगी हत्या गरेको । | जिल्ला प्रहरी कार्यालय, अछाममा दर्ता भएको जाहेरीउपरकोकारबाही अघि बढाउन । |
| २ | श्रवणकुमार यादव, तत्कालीन नेकपा (माओवादी) -का कार्यकर्ता | श्रवणकुमार यादव, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ७ सिरहा | सञ्जय यादवलाई मिति २०६५/२/७ गते रातको समयमा अपहरण गरी बेपत्ता बनाएको । | कार्यकर्ताहरूउपर आवश्यक अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न । |
| ३ | राम अवतार महतो, नेकपा (माओवादी) -का कार्यकर्ता | राम अवतार महतो, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ७ सिरहा | ऐ.ऐ. | ऐ.ऐ. |
| ४ | रामविलास यादव, नेकपा (माओवादी) -का कार्यकर्ता | राधेपुर गा.वि.स. वडा नं. ३ | ऐ.ऐ. | ऐ.ऐ. |
| ५ | हृदय यादव, नेकपा (माओवादी) -का कार्यकर्ता | ऐ. ऐ. वडा नं. ७ | ऐ.ऐ. | ऐ.ऐ. |
| ६ | प्रहरी उपरीक्षक योगेश्वर रोमखामी | जिल्ला प्रहरी कार्यालय रौतहट | मिति २०६३/१२/७ गते गौरको रौतहटमा २७ जनाको मृत्यु र ११५ जना घाइते भएको घटनाविरुद्ध मिति २०६४/१/२८ गते दर्ता भएको किटानी जाहेरी दरखास्तउपर कुनै कानुनी कारबाही, अघि नबढाएको । | विभागीय कारबाही |
| ७ | तत्कालीन प्रहरी उपरीक्षक रामकुमार खनाल | ,, | ऐ.ऐ. | ,, |
| ८ | कार्यान्वयन भएकोले नाम उल्लेख नगरिएको । | | | |

| क्र.स. | उल्लङ्घनकर्ताको नाम | उल्लङ्घन गर्ने कार्यालय | उल्लङ्घनको विषय | कारबाहीको विवरण |
|---|---|---|---|---|
| ९ | नायब उपरीक्षक कामाख्यानारायण सिंह | राष्ट्रिय अनुसन्धान कार्यालय, रौतहट | गौर घटनामा राष्ट्रिय अनुसन्धान कार्यालयको भूमिका प्रभावकारी नबनाएको । | ,, |
| १० | तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझा | जिल्ला प्रशासन कार्यालय, रौतहट | गौर घटना हुन नदिन प्रभावकारी भूमिका निर्वाह नगरेको । | ,, |
| ११ | कार्यान्वयन भएकोले नाम उल्लेख नगरिएको । | | | |
| १२ | प्रभु साह, मधेशी मुक्तिमोर्चा, महासचिव | तत्कालीन नेकपा (माओवादी) -को भातृसङ्गठन मधेशी मुक्तिमोर्चा | जानकारी हुँदाहुँदै पनि गौर घटना रोक्न कुनै पहल नगरेको । | ध्यानाकर्षण गराइएको । |
| १३ | कार्यान्वयन भएकोले नाम उल्लेख नगरिएको । | | | |
| १४ | कार्यान्वयन भएकोले नाम उल्लेख नगरिएको । | | | |
| १५ | तत्कालीन् सशस्त्र प्रहरी उपरीक्षक श्री प्रकाश ओझा | सशस्त्र प्रहरी बल छिन्नमस्ता गण, बर्दिबास, महोत्तरी | महोत्तरी जिल्ला तत्कालीन बर्दिबास गा.वि.स. वडा नं ५ घर भई सोही बजारको नजिकमा सामान्य होटल सञ्चालन गर्दै आएकी ... लाई सशस्त्र प्रहरी बल, नेपाल, छिन्नमस्ता गणका पाँच जना प्रहरीहरूले मिति २०५९/३/३२ गते रातको समयमा नियन्त्रणमा लिई यौनजन्य कार्य गरेकोमा कानुनी कारबाही नगरेको । | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल सहित राज्यका कुनै संयन्त्रलाई भविष्यमा कुनै विशेषज्ञता आवश्यक भएमा त्यस्तो जिम्मेवारी नदिन । |
| १६ | नारायणकुमार आचार्य, तत्कालीन प्रमुख | जिल्ला प्रहरी कार्यालय, महोत्तरी | | |
| १७ | एस.पी. किराँती, तत्कालीन जिल्ला फ्याक्सनका इञ्चार्ज | तत्कालीन नेकपा (माओवादी), ताप्लेजुङ | ताप्लेजुङ जिल्ला तत्कालीन फुङलिङ गा.वि.स. वडा नं २ निवासी नारद निरौलालाई सोही जिल्लाको सिकैंचास्थित सरस्वती माविमा अध्यापन गराइरहेको समयमा अपहरण गरी हत्या गरेको । | निजविरुद्ध जिल्ला प्रहरी कार्यालय ताप्लेजुङमा कर्तव्य ज्यान मुद्दामा जाहेरी दर्तासमेत भएको देखिँदा सो कार्यालयमा दर्ता रहेको कर्तव्य ज्यान मुद्दाको अनुसन्धान कार्य शीघ्र अघि बढाउन । |

| क्र.स. | उल्लङ्घनकर्ताको नाम | उल्लङ्घन गर्ने कार्यालय | उल्लङ्घनको विषय | कारबाहीको विवरण |
|---|---|---|---|---|
| १८ | विनोद ठाकुर, प्रहरी जवान | महानगरीय प्रहरी प्रभाग जनसेवा, काठमाडौँ । | चित्लाङ २ मकवानपुरका ठुलाकान्छा बस्नेतलाई मिति २०६९/६/२८ गते पक्राउ गरी कुटपिट गरी यातना दिएको । | सचेत गराउने |
| १९ | हरिप्रसाद दाहाल, ललितपुर इञ्चार्ज एवम् केन्द्रीय सदस्य | तत्कालीन नेकपा (माओवादी) | गुन्सी १ रामेछापका टेकनाथ गौतमलाई मिति २०५९/४/२६ गते आफ्नै घरबाट कब्जामा लिई सुराकीको आरोपमा कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिएको । | प्रचलित कानुनबमोजिम कारबाही |
| २० | अर्चन भन्ने मनप्रसाद गौतम, माओवादी कार्यकर्ता | तत्कालीन नेकपा (माओवादी) | श्री शतलिङ्गेश्वर मा.वि.गुन्सी रामेछापका शिक्षक जीवनाथ गौतमलाई मिति २०५९/४/२६ गते अपहरण गरी यातना दिएको । | प्रचलित कानुनबमोजिम कारबाही |
| २१ | देवेन्द्रप्रसाद श्रेष्ठ, तत्कालीन प्रमुख | बाँके कारागार कार्यालय, बाँके | नेपालगञ्ज बाँकेका सुन्दर हरिजनलाई कारागार स्थानान्तरण गरी बाँके कारागारबाट रोल्पा पुऱ्याइनिजको स्थानमा विजयविक्रम शाहलाई कारागार कार्यलय रोल्पाबाट मुक्त गराउँदा सुन्दर हरिजन आत्महत्या गर्न बाध्य भएको । | विभागीय कारबाही |
| २२ | दिपेन्द्रप्रसाद पौडेल, ना.सु. | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. |
| २३ | द्रोण पोखरेल, विभागीय प्रमुख | कारागार व्यवस्थापन विभाग | ऐ.ऐ. | ऐ.ऐ. |
| २४ | कमला घिमिरे, तत्कालीन प्रमुख | रोल्पा कारागार कार्यालय, रोल्पा | ऐ.ऐ. | ऐ.ऐ. |
| २५ | यामलाल ओली, निमित्त प्रमुख | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. |
| २६ | कार्यान्वयन भएकोले नाम उल्लेख नगरिएको । | | | |

| क्र.स. | उल्लङ्घनकर्ताको नाम | उल्लङ्घन गर्ने कार्यालय | उल्लङ्घनको विषय | कारबाहीको विवरण |
|---|---|---|---|---|
| २७ | कार्यान्वयन भएकोले नाम उल्लेख नगरिएको । | | | |
| २८ | शालीग्राम शर्मा पौड्याल, तत्कालीन प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, खोटाङ | हलेसी तुवाचुङ नगरपालिका वडा नं. २, खोटाङ निवासी सुदीप शर्मा भनिने चक्रबहादुर खत्रीलाई मिति २०७६/१/२ गते र त्यसपछि पनि पटक-पटक गैरकानुनी रूपमा पक्राउ गरी गैरकानुनी थुनामा राखी मानव अधिकारको हनन् गरेको । | विभागीय कारबाही |
| २९ | दीपककुमार पहाडी, तत्कालीन प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, उदयपुर | ऐ.ऐ. | ऐ.ऐ. |
| ३० | सरोजप्रसाद गुरागाई, तत्कालीन प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सिरहा | ऐ.ऐ. | ऐ.ऐ. |
| ३१ | श्री रमा आचार्य, तत्कालीन प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | ऐ.ऐ. | ऐ.ऐ. |
| ३२ | श्री उमाप्रसाद चर्तुवेदी, तत्कालीन प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय सिरहा | ऐ.ऐ. | ऐ.ऐ. |
| ३३ | श्री नारायणप्रसाद चिमोरिया, तत्कालीन प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, खोटाङ | ऐ.ऐ. | ऐ.ऐ. |
| ३४ | श्री टेकुनन्द इवा लिम्बु, प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु | ऐ.ऐ. | ऐ.ऐ. |
| ३५ | श्री गोविन्दप्रसाद साह, प्रहरी निरीक्षक, | जिल्ला प्रहरी कार्यालय, खोटाङ | ऐ.ऐ. | ऐ.ऐ. |
| ३६ | श्री महेन्द्र दर्नाल, प्रहरी निरीक्षक, | जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु | ऐ.ऐ. | ऐ.ऐ. |
| ३७ | श्री दीपेन्द्र श्रेष्ठ, प्रहरी निरीक्षक, | जिल्ला प्रहरी कार्यालय, सिरहा | ऐ.ऐ. | ऐ.ऐ. |

| क्र.स. | उल्लङ्घनकर्ताको नाम | उल्लङ्घन गर्ने कार्यालय | उल्लङ्घनको विषय | कारबाहीको विवरण |
|---|---|---|---|---|
| ३८ | श्री नवराज दाहाल, प्रहरी सहायक निरीक्षक, | जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु | ऐ.ऐ. | ऐ.ऐ. |
| ३९ | श्री ऋषि खनाल, प्रहरी सहायक निरीक्षक, | जिल्ला प्रहरी कार्यालय, उदयपुर | ऐ.ऐ. | ऐ.ऐ. |
| ४० | श्री राजनप्रसाद नेपाल, प्रहरी सहायक निरीक्षक | भण्डारे प्रहरी चौकी, खोटाङ | ऐ.ऐ. | ऐ.ऐ. |
| ४१ | श्री रामकुमार यादव, प्रहरी नायव निरीक्षक | जिल्ला प्रहरी कार्यालय, सिरहा | ऐ.ऐ. | ऐ.ऐ. |
| ४२ | श्री श्याम राउत, प्रहरी नायव निरीक्षक | जिल्ला प्रहरी कार्यालय, उदयपुर | ऐ.ऐ. | ऐ.ऐ. |
| ४३ | श्री भुवनसिंह कार्की, प्रहरी हवल्दार, | जिल्ला प्रहरी कार्यालय, उदयपुर | ऐ.ऐ. | ऐ.ऐ. |
| ४४ | धर्मेन्द्र कुमार सिंह, प्रहरी नायव निरीक्षक | इलाका प्रहरी कार्यालय फुलगामा, धनुषा | नगराइन नगरपालिका ३ धनुषाका रजित कुमार मुखियालाई मिति २०७४/३/९ गते कुटपिट र दुर्व्यवहार गरेको । | विभागीय कारबाही |
| ४५ | सुरत रावल, सेनानी (युद्धकार्य अधिकृत) | नेपाली सेना सिंहनाथ गण, झापा | बुधबारे ६, झापा निवासी छविलाल आचार्यलाई मिति २०५९/४/९ गते बुधबारे ७ दुईरिङ्गे भन्ने स्थानबाट पक्राउ गरी हत्या गरेको । | छानबिन गरी कारबाही अघि बढाउन |
| ४६ | चक्रबहादुर कार्की, सहसेनानी | नेपाली सेना सिंहनाथ गण, झापा | ऐ.ऐ. | ऐ.ऐ. |
| ४७ | नन्कु बेहना, माओवादी कार्यकर्ता | तत्कालीन नेकपा (माओवादी), बाँके | मिति २०६२/१०/२५ गते हिरमिनीया - १ घटघोटना, बाँके बस्ने कोइली कुर्मीलाई तत्कालीन नेकपा (माओवादी) -का कार्यकर्ता नन्कु बेहना समेतले कुटपिट गरी हत्या गरेको । | कानुनी कारबाही गर्न |

| क्र.स. | उल्लङ्घनकर्ताको नाम | उल्लङ्घन गर्ने कार्यालय | उल्लङ्घनको विषय | कारबाहीको विवरण |
|---|---|---|---|---|
| ४८ | शिवप्रसाद नेपाल, तत्कालीन प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गा | शिक्षक चक्रबहादुर कटुवाललाई मिति २०५८।८।२८ गते पक्राउ गरी बेपत्ता पारी बेपत्तापछि हत्या गरी लाश दबाएको समेत । | कर्तव्य ज्यान मुद्दामा कानुनी कारबाही गर्न । |
| ४९ | कृष्णमुरारी न्यौपाने, सेनानी (गुल्मपति) | तत्कालीन शाही नेपाली सेना रणसिंह गुल्म, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५० | दिनेश थापा, क्याप्टेन | तत्कालीन शाही नेपाली सेना रणसिंह गुल्म, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५१ | प्रहरी नायब उपरीक्षक हनुमान शाह, | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५२ | लिलाधर पौडेल, तत्कालीन निरीक्षक | राष्ट्रिय अनुसन्धान, जिल्ला कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५३ | पुरुषोत्तम अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५४ | दुर्गालाल चौधरी, प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५५ | कमलप्रसाद गिरी, प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५६ | चक्र बस्नेत, प्रहरी नायव निरीक्षक | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५७ | खड्गबहादुर कार्की, प्रहरी सहायक निरीक्षक | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५८ | दिनेश अधिकारी, प्रहरी सहायक निरीक्षक | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ५९ | महाविर राज धावे, प्रहरी सहायक निरीक्षक | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ६० | बासुदेव चौधरी, प्रहरी सहायक निरीक्षक | जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |

| क्र.स. | उल्लङ्घनकर्ताको नाम | उल्लङ्घन गर्ने कार्यालय | उल्लङ्घनको विषय | कारबाहीको विवरण |
|---|---|---|---|---|
| ६१ | युवराज बस्नेत, प्रहरी हवल्दार | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ६२ | हर्क बहादुर थापा, प्रहरी हवल्दार | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ६३ | केदार अधिकारी, प्रहरी हवल्दार | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ६४ | दलबहादुर कार्की, प्रहरी हवल्दार | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ६५ | टार्जन गुरुङ, प्रहरी जवान | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |
| ६६ | निलम संग्रौला, प्रहरी जवान | जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा | ऐ.ऐ. | ऐ.ऐ. |

परिच्छेद–सात

# उपलब्धि, चुनौती, समाधानका सम्भावित उपाय र भावी कदमहरू

आयोग आफ्नो स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षण र संवर्धनको क्षेत्रमा क्रियाशील रहँदै आएको छ । सशस्त्र द्वन्द्व चरम् उत्कर्षमा पुगेको समयमा गठित आयोग तत्कालीन परिवेशमा स्वाभावतः नागरिक तथा राजनीतिक मुद्दामा बढी केन्द्रित हुनुपरेको अवस्था थियो । मुलुक शान्तिप्रक्रियामा प्रवेश गरेपछि आर्थिक, सामाजिक, सांस्कृतिक, विकास, वातावरण, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, जलवायु परिवर्तन आदि मुद्दाहरूमा आयोगले प्राथमिकता दिई कार्य गरिरहेको छ ।

**उपलब्धी**

विगत वर्षमा झैँ यस आवमा पनि आयोगबाट मानव अधिकारको संरक्षण र संवर्धनसँग सम्बन्धित कार्यहरू सम्पन्न भएका छन् । मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरी ग्रहण, अनुगमन, अनुसन्धान, सिफारिसलगायतका कार्यहरू निरन्तर हुँदै आएका छन् । भौतिक उपस्थितिको साथै कतिपय छलफल/अन्तर्क्रियाजस्ता कार्यक्रम विद्युतीय प्रविधिमार्फत सम्पादन गरिएका छन् । समग्रमा मानव अधिकार संरक्षण, संवर्धन, प्रतिवेदन/जर्नल प्रकाशन, प्रेस-विज्ञप्ति जारी, कानुन पुनरावलोकन, अन्तर्राष्ट्रिय निकायसँगको सहकार्यलगायतका कार्यहरू सम्पन्न भएका छन् ।

**उजुरी ग्रहण, अनुगमन, अनुसन्धान र सिफारिस**

मानव अधिकारको संरक्षणअन्तर्गत आयोगबाट उजुरी ग्रहण, अनुगमन, अनुसन्धान र सिफारिससम्बन्धी कार्यहरू सम्पन्न भएका छन् । यस अवधिमा आयोगका सबै कार्यालयमा मानव अधिकारको उल्लङ्घन वा हनन् भएको भनी जम्मा १०० वटा उजुरीहरू दर्ता भएका छन् । न्यायको लागि सम्बन्धित निकायमा पहल गरिदिन भनी दर्ता भएका १०३० वटा निवेदनउपर पत्राचार तथा पीडितहरूलाई परामर्शसेवा प्रदान गरिएको छ । मानव अधिकारसँग सम्बन्धित विषयमा २२० पटक अनुगमन भएका छन् । समग्र मानव अधिकार अवस्था, मानव अधिकारको दृष्टिकोणबाट प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, विपदमा मानव अधिकारको अवस्था, श्रमिकको मानव अधिकार, व्यावसाय र मानव अधिकार, एचआईभी/एड्स सङ्क्रमितहरूको अधिकार आदि विषयमा अनुगमन भएको छ ।

आयोगले पुराना र नयाँ गरी ३५४ वटा उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ । सम्पन्न अनुसन्धानमा १०२ वटा उजुरीगत सिफारिसको लागि निर्णय गरिएको छ भने १३ वटा नीतिगत सिफारिस गरेको छ । जम्मा २७८ वटा उजुरीलाई तामेलीमा राखिएको छ भने ११ वटा उजुरी खारेज गरिएको छ ।

वि.सं. २०६४ सालमा घटेको विभत्स गौर घट्नाउपर अनुसन्धानमा आधारित भई यस आवमा आवश्यक कारबाहीको लागि नेपाल सरकारलाई सिफारिस गरेको छ । सशस्त्र द्वन्द्वको समयमा सामूहिक बलात्कार भएको घट्नाको अनुसन्धान गरी पीडकलाई कानुनी कारबाही र

पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई सिफारिस गरिएको छ। यसै गरी बालकैदी सुन्दर हरिजनलाई प्रलोभन र भ्रुक्यानमा पारि बाँके कारागारबाट रोल्पा कारागारमा पुर्‍याइ आत्महत्या गर्न बाध्य पार्ने दोषीउपर कानुनी कारबाही र मृतक परिवारलाई क्षतिपूर्ति दिन सिफारिस गरेको छ । आयोगले व्यवसायीहरूलाई मानव अधिकारको सम्मान गर्ने सन्दर्भमा अपर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनीविरुद्ध परेको उजुरीमा सिफारिस गरी पठाएको छ। यसको साथै मानव अधिकार उल्लङ्घनकर्ता भनी दोषी ठहऱ्याइएका थप नामावली सार्वजनिक गरेको छ।

**संवर्धन**

मानव अधिकार संवर्धनतर्फ पनि आवश्यकता र औचित्यताको आधारमा एकल र सहकार्य/समन्वयमा कार्यहरू सम्पन्न भएका छन् । आयोगबाट सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकार, साथै सरकारी, गैरसरकारी संस्था, नागरिक समाज, व्यावसायिक सङ्घसंस्थाहरू, अन्तर्राष्ट्रिय समुदायसँग पनि समन्वय र सहकार्यमा कार्यहरू सम्पन्न भएका छन् । जसमा तालिम, गोष्ठी, मानव अधिकार शिक्षासम्बन्धी कार्यक्रम आयोजना गरिएका छन् ।

आयोगबाट यस आवमा व्यवसाय र मानव अधिकारको विषयमा नेपाल सरकारका सम्बद्ध निकाय, नागरिक समाज, गैरसकारी सङ्घसंस्थाका प्रतिनिधिहरूलाई अभिमुखीकरणसम्बन्धी कार्यक्रम सम्पन्न भएको छ । यसका साथै नेपाल सरकारद्धारा निर्माण भएको व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनामा पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले यस क्षेत्रका विज्ञ तथा सरोकारवालाहरूसँग परामर्श तथा छलफल बैठक भएका छन् ।

विभिन्न सङ्घसंस्थाद्वारा आयोजित कार्यक्रममा स्रोतव्यक्ति, प्रमुख अतिथि, अतिथि, विषयविज्ञको रूपमा सहभागी भई विषयवस्तुमाथि संस्थागत धारणाहरू प्रस्तुत गरेको छ। प्रतिवेदन प्रकाशन, प्रेस-विज्ञप्ति, छापा तथा विद्युतीय सञ्चारमाध्यम आदिबाट संवर्धनसम्बन्धी कार्यहरू भइरहेका छन् । आवश्यकता र विषयवस्तुको गाम्भीर्यता हेरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सरोकारवालाहरूसँग छलफल, अन्तर्क्रिया, गोष्ठी, तालिम, अनुभव आदान-प्रदान आदि सम्पन्न भएका छन् । यस आ.व.मा आयोगले २३१० वटा संवर्धनसम्बन्धी कार्यहरू सम्पन्न गरेको छ ।

**प्रकाशन**

यस अवधिमा आयोगको वार्षिक प्रतिवेदन (पूर्ण, सङ्क्षिप्त नेपाली र अङ्ग्रेजी) प्रतिवेदन प्रकाशनमा आएको छ। प्रतिवेदनले आयोगको वार्षिक गतिविधिलाई प्रकाश पार्नुको साथै राष्ट्रिय र प्रदेशगत रूपमा मानव अधिकारको अवस्थालाई पनि झल्काएको छ। यसै गरी आयोगका प्रदेश र प्रदेश शाखा कार्यालयबाट सम्पादित गतिविधिहरू र मानव अधिकार अवस्थालाई चित्रण गरी गतिविधि पुस्तिका प्रकाशन गरिएको छ। विपद् व्यवस्थापन र मानव अधिकारका विविध विषयलाई समावेश गरी जर्नल (मानव अधिकार संवाहक) प्रकाशन भएको छ । मासिक रूपमा मानव अधिकारपत्र द्वैमासिक तयार गरी वेबसाइटमार्फत सार्वजनिक गरिएको छ।

**प्रेस-विज्ञप्ति**

यस आ.व.मा मानव अधिकारका समसामयिक विषयमा ४४ वटा प्रेस-विज्ञप्ति जारी भएका

छन् । यसरी जारी भएका प्रेस-विज्ञप्ति नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार केन्द्रित छन् । यसै गरी महिला, बालबालिका, जातीय विभेद, आप्रवासी कामदारको अधिकार, सङ्क्रमणकालीन न्यायलगायतका विषयमा पनि प्रेस-विज्ञप्ति जारी गरिएको छ ।

**कानुन पुनरावलोकन तथा सुझाव**

आयोगबाट यस आवमा पनि कानुन पुनरावलोकन गर्ने, सरकारलाई आवश्यक परामर्श उपलब्ध गराउने कार्य भएका छन् । नेपाल सरकारबाट अनुमोदन गरिएको पार्लेमो आलेख कार्यान्वयन अवस्था अध्ययन गर्न कानुनहरूको पुनरावलोकनसम्बन्धी कार्य भइरहेको छ ।

**सहकार्य र समन्वय**

**क. राष्ट्रिय तहमा**

यस आवमा पनि आयोगबाट एकल, सहकार्य र समन्वयमा संवर्धनसम्बन्धी कार्यहरू सम्पन्न भएका छन् । राज्य र राज्यका निकाय, तीन तहका सरकार, मानव अधिकारसम्बन्धी विषयगत संवैधानिक आयोगहरूसँग समन्वयन र सहकार्यमा कार्य भएका छन् । आयोगको सिफारिस कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संयोजकत्वमा सिफारिस कार्यान्वयन समिति निर्माण गरी सिफारिस कार्यान्वयनलाई मूर्तरूप दिन यस आयोगको समेत सहभागितामा विभिन्न कार्यक्रमहरू सम्पन्न हुनुले सिफारिस कार्यान्वयनमा सरकारको तदारुकतालाई क्रियाशील बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

आयोग र सञ्चारजगतसँगको समन्वयलाई थप मजबुत बनाउन तथा मानव अधिकार संरक्षण र संवर्धनमा सरकारको जवाफदेहिता अभिवृद्धि गर्न आवश्यक देखिएकोले २०८० जेठ ३२ गतेदेखि असार २० गतेसम्म आयोगको टोलीले विभिन्न १० वटा सञ्चार गृहहरूसँग छुटाछुट्टै रूपमा भेटघाट गरी समन्वय र सहकार्यका विषयहरू छलफल गरेको छ । यस आवमा १५ वटा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँग सहकार्य र समन्वयमा कार्य सम्पन्न भएका छन् । यसरी समन्वय र सहकार्य गरिएका विषयहरूमा मानव अधिकार शिक्षा, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, ज्येष्ठ नागरिकको अधिकार, एचआईभी/एड्स सङ्क्रमित व्यक्तिहरूको अधिकार आदि रहेका छन् । संयुक्त राष्ट्रसङ्घीय निकायहरू (युएनएफपीए, युएन वमन) र द एसिया फाउण्डेशन र कतारको मानव अधिकार आयोगलगायत चार ओटा संस्थाहरूसँग समझदारीपत्र (MOU) मा हस्ताक्षर गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा कार्य अगाडि बढाइएको छ ।

**ख. अन्तर्राष्ट्रिय तहमा**

आयोगले अन्तर्राष्ट्रिय निकायहरूसँग पनि सहकार्य र समन्वयमा कार्यहरू गर्दै आएको छ । यस्ता संस्थाहरूमा विशेषतः मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (Global Alliance of the National Human Rights Institutions), मानव अधिकार राष्ट्रिय संस्थाहरूको एसिया प्रशान्त मञ्च (Asia Pacific Forum of NHRI) रहेका छन् । त्यसै गरी सम्बन्धित देशका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय मानव

अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्था एवम् कुटनैतिक नियोग आदि छन् । यसको साथै अन्तर ाष्ट्रिय तहमा राष्ट्रिय मानव अधिकार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, दातृ निकाय, विदेशी दूतावाससँग पनि आवश्यकता, औचित्यताको आधारमा सहकार्य र समन्वय भइरहेको छ । यस आ.व.मा आयोगका माननीय अध्यक्ष, सदस्य र कर्मचारीको तहबाट भ्रमण भएको छ । आप्रवासी कामदार र तिनका परिवारको अधिकार संरक्षण र संवर्धनको लागि नेपाल र कतारको मानव अधिकार समितिबीच समझदारीपत्रमा हस्ताक्षर भएको अवस्था छ । यसै गरी अन्तर्राष्ट्रिय निकायहरू UNFPA, EU, UNDP सँग मानव अधिकारको विकास र सहकार्यको विषयमा छलफलल तथा समझदारी पत्रमा हस्ताक्षरसमेत भएको छ ।

**चुनौतीहरू**

संस्थाको स्थापना, उद्देश्य, लक्ष्य हासिल गर्ने कुरा आफैँमा चुनौतीको विषय हो । आयोगले संस्थागत विकाससँगसँगै विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ । आयोग विगतमा पनि आन्तरिक र बाह्य चुनौतीबाट गुज्रिएको थियो, जसमध्ये कतिपय उही वा पृथक रूपमा अहिले पनि विद्यमान छन् । कतिपय आंशिक र पूर्णतः सम्बोधन भएको अवस्था छ भने केही नवीन चुनौती पनि थपिएका छन् ।

**आन्तरिक चुनौती**

संविधान तथा ऐनले मानव अधिकारको संरक्षण र संवर्धन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने कार्यभारलाई आयोगले पूरा गर्दै आएको छ । यसको अलावा आयोगको आन्तरिक चुनौतीलाई निम्नानुसार उल्लेख गरिएको छः

क. मानव अधिकारको अनुगमन तथा अनुसन्धान गरी त्यसलाई प्रभावकारी कार्यान्वयन गरी मानव अधिकार संस्कृतिको विकासको लागि थप कार्य गर्नुपर्ने ।

ख. आयोगमा थाती रहेको द्वन्द्वकालीन पुराना घटनाको अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनुपर्ने ।

ग. आयोगमा रहेका दक्ष जनशक्ति बाहिरिँदा कामकारबाहीमा प्रत्यक्ष/अप्रत्यक्ष बाधा पुग्न गएकोले आयोगलाई थप सेवासुविधा र साधनस्रोत सम्पन्न बनाइ कर्मचारी टिक्न सक्ने वातावरण तय गर्नुपर्ने ।

घ. मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहनको उजुरी तथा सूचना, तथ्याङ्कलाई एकीकृत रूपमा चुस्तदुरुस्त राख्न विद्युतीय प्रणालीमा विकास गर्नुपर्ने ।

ङ. मानव अधिकारसम्बन्धी नवीनतम विषयहरूमा काम गर्नुपर्ने यथार्थतालाई ध्यानमा राखी आयोगको जनशक्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको तालिम तथा प्रशिक्षण गराइ दक्ष जनशक्ति निर्माण गर्नुपर्ने ।

च. एकीकृत रूपमा मानव अधिकारको तथ्याङ्क सङ्कलन प्रणाली (Human Rights Database Management System (HRDMS) विकास गर्नुपर्ने ।

छ. मानव अधिकारको यकीन अवस्थालाई चित्रण गरी सरकार एवम् सम्बन्धित निकायलाई सिफारिस गरी कार्यान्वयन गर्न/गराउन अनुसन्धान पद्धति र प्रणालीमा विशेष जोड दिने ।

ज. घरघरमा मानव अधिकार, सबैको चासो र सरोकार भन्ने मान्यतालाई स्थापित गर्न राष्ट्रिय र ग्रामीण तहमा सरोकारवालाहरू (राजनीतिक दल, मानव अधिकारकर्मी, नागरिक समाज, सञ्चारजगत, विद्यालय/विश्वविद्यालय, धार्मिक सङ्घसंस्था आदि) सँग विशिष्ट प्रकृतिका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

**बाह्य चुनौती**

**क. श्रेणी कायम राख्ने चुनौती**

आयोगसँग सम्बन्धित कामकारबाहीहरू राष्ट्रिय तहमा मात्र नभई अन्तर्राष्ट्रिय तवरमा सरोकार, छलफल र समीक्षा गर्ने विषय हुन् । विशेष गरी आयोगका कामकारबाही मानव अधिकार आयोगहरूको छाता सङ्गठन (तत्कालीन अन्तर्राष्ट्रिय समन्वय समिति (International Coordination Committee of NHRIs) र हाल मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (Global Alliance of National Human Rights Institutions–GANHRI) सँग प्रत्यक्ष जोडिएको छ । सञ्जालका विविध कार्यहरूमध्ये आफ्नो उप-समिति (Sub–committee)–मार्फत सम्बन्धित देशमा कार्यरत संस्थाहरूको श्रेणी निर्धारणसम्बन्धी कार्य पनि एक हो । सामान्यतः यसमा समितिले सम्बन्धित मुलुकको पदाधिकारीहरूको नियुक्ति प्रक्रिया, कार्यगत, आर्थिक स्वायत्तता, कामकारबाहीलगायतका विषयलाई हेर्ने गर्दछ । नेपालको मानव अधिकार आयोगको कामकारबाही आदि विषयलाई लिएर समय-समयमा प्रश्न उठाउदै आएको छ । यी विविध प्रतिकूलताको बाबजुद् पनि आयोग हालसम्म 'क' श्रेणीमा रहन सफल भएको छ । यस पटक पनि उप-समितिले आयोगका पदाधिकारीको नियुक्ति प्रक्रिया र कामकारबाहीलाई लिएर ' ख' श्रेणीमा राख्न सिफारिस गरेको अवस्था छ । यस अवस्थामा स्थापनाकालदेखि नै 'क' श्रेणीको हैसियत प्राप्त आयोगलाई सोही श्रेणीमा राख्नुपर्ने चुनौती देखिन्छ । यसलाई आयोगको आन्तरिक र बाह्य दुवै चुनौतीको रूपमा लिन सकिन्छ ।

**ख. भौतिक पूर्वाधारको अपर्याप्तता**

स्थापनाकालदेखि नै आयोग भौतिक स्रोत र साधनको हिसाबले विषम् परिस्थितिबाट गुज्रदैं आएको छ । पटक-पटक भएका प्रयत्नका बावजुद् पनि यस अवस्थामा अपेक्षित सुधार आउन सकेको छैन । यस आवमा पनि आयोग आवश्यक, पर्याप्त भौतिक, स्रोतसाधनको अभावमा कठिनाइपूर्ण तवरमा आफ्ना कामकारबाही अगाडि बढाउन बाध्य छ । विद्यमान जनशक्तिको अनुपातमा उचित एवम् आवश्यक पूर्वाधार र स्रोतसाधन पर्याप्त छैन । दरबन्दीअनुसार नयाँ आउने कर्मचारीहरूको व्यवस्थापन अर्को चुनौती बन्ने अवस्था विद्यमान छ ।

वि.स. २०७२ वैशाखमा आएको भूकम्पबाट क्षतिग्रस्त केन्द्रीय कार्यालयको भवन यस आवसम्म आइपुग्दा पनि निर्माण कार्य आरम्भ हुन सकेको छैन । हाल सञ्चय कोषको कार्यालयमा भाडामा रहेको आयोगको केन्द्रीय कार्यालयको भवन पनि पूर्णतः पीडित एवम् अपाङ्गमैत्री छैन । कर्मचारीहरूकै लागि तयार गरिएका कतिपय कार्यकक्षहरू वातानुकुलित नभएको अवस्था छ । आयोगका प्रदेश कार्यालय, प्रदेश शाखा कार्यालयहरू हालसम्म पनि भाडामा सञ्चालित छन् । प्रदेश शाखा कार्यालय, खोटाङ र प्रदेश कार्यालय धनगढी, विराटनगरमा जग्गा प्राप्त भए पनि भवन

निर्माण कार्यमा आवश्यक पहल र सम्बोधन हुन सकेको पाइँदैन । आफ्नै भवन नहुँदा संस्थाको आवश्यकताअनुसार संरचना हुन सकेको छैन । उजुरी, परामर्श, अभिलेख आदिको लागि अलग कक्ष र दक्ष जनशक्ति (मनोपरामर्श विज्ञ)-को व्यवस्था नहुँदा यसको प्रत्यक्ष असर पीडित वा उनीहरूको परिवारमाथि पर्न गएको छ । यसको लागि आयोगबाट सम्बन्धित निकायसमक्ष लिखित र मौखिक रूपमा जानकारी गराइए पनि सकारात्मक नतिजा आउन सकेको छैन । यसको साथै आयोगको लागि आवश्यक स्रोतसाधनको अपर्याप्त रहेको छ ।

**ग. सरकारबाट अपेक्षित सहयोग नहुनु**

मानव अधिकारको प्रमुख संरक्षक, परिपालक र कार्यान्वयनकर्ता सरकार हो । मानव अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र संस्कृति विकासमा सरकारको भूमिका विशेष एवम् महत्त्वपूर्ण मानिन्छ । मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूलाई आवश्यक सहयोग गर्नु राज्यको दायित्व हो । सङ्घीय संरचनाअनुसार आयोगले निर्णय गरी सरकारसमक्ष पठाएको साङ्गठनिक संरचना यस आवमा पनि स्वीकृत हुन सकेन । परिवर्तित सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ परिमार्जन हुन सकेको छैन । यसबाट आयोगका कामकारबाही प्रत्यक्ष/अप्रत्यक्ष रूपमा प्रभावित भएको छ ।

**घ. आयोगको सिफारिस न्यून सङ्ख्यामा कार्यान्वयन**

मानव अधिकार संरक्षणअन्तर्गत आयोगले मानव अधिकारको उल्लङ्घन/दुरुत्साहन भएको भनी परेका उजुरीउपर अनुसन्धान गर्दछ । यस आवसम्मको तथ्याङ्कलाई हेर्दा आयोगमा १३ हजारभन्दा बढी उजुरी परेकोमा १४०७ वटा सिफारिस गरिएको छ । यसरी गरिएका सिफारिस कार्यान्वयनको लागि नेपाल सरकार/सम्बन्धित निकायलाई पठाइएकोमा कार्यान्वयन अवस्था न्यून छ । आयोगको तथ्याङ्कअनुसार १५.३ प्रतिशत पूर्ण र ३९.२ आंशिक कार्यान्वयन भएका छन् भने ४५.५ प्रतिशत सिफारिस कार्यान्वयन नभएको अवस्था छ । कार्यान्वयन भएका सिफारिसहरू पनि प्रायः क्षतिपूर्ति उपलब्ध गराउने प्रकृतिका छन् । मानव अधिकार उल्लङ्घनका घटनामा संलग्नहरूमाथि कानुनी कारबाही र घटनाको अनुसन्धान गरी कानुनी कारबाही गर्नु भनी गरिएका सिफारिसहरूको कार्यान्वयन भएको पाइँदैन । यसै गरी कारबाहीको सिफारिस गरिएका कतिपय सरकारी अधिकारीहरू दण्डित हुनुको सट्टा बढुवा हुने गरेको स्थिति रहेको छ ।

**ङ. द्वन्द्वकालीन मुद्दा**

वि.स. २०५२ फागुन १ बाट तत्कालीन नेकपा (माओवादी)ले थालनी गरेको सशस्त्र युद्ध अन्ततः २०६३ मङ्सिर ५ मा औपचारिक रूपमा समाप्त भएको थियो । सरकार र माओवादी नेतृत्व सशस्त्र द्वन्द्वसँग जोडिएका मुद्दाहरूलाई सङ्क्रमणकालीन न्यायिक संयन्त्र निर्माण गरी टुङ्ग्याउन सहमत भएका थिए । सम्झौता भएको झण्डै आठ वर्षपछि सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न सत्यनिरुपण मेलमिलाप आयोग र बेपत्ता आयोग गठन भयो । ऐन पीडितमैत्री नभएको भनी सर्वोच्च अदालतको आदेश र आयोगको सिफारिस, पीडितको आवाजलाई मध्यनजर राखी ऐन संशोधन हुन नसकेको अवस्था छ । हाल आयोग पदाधिकारीविहीन अवस्थामा छ । सङ्क्रमणकालीन न्यायको

मर्मलाई आत्मसात गरी सर्वोच्च अदालतको निर्णय र आयोगको सिफारिसबमोजिम ऐन संशोधन गर्ने भनिए पनि कार्यान्वयन हुन सकेको छैन । आयोग राख्ने र आफूअनुकूल हुने गरी आपसमा भागबण्डा शैलीमा पदाधिकारी नियुक्ति गरिने परिपाटीमा अहिले पनि सुधार आउन सकेको छैन । सशस्त्र द्वन्द्वसँग सम्बन्धित आयोगले गरेका क्षतिपूर्तिबाहेक कानुनी कारबाहीसँग सम्बन्धित सिफारिस कार्यान्वयन भएको पाइँदैन । एकातिर सङ्क्रमणकालीन न्यायका संयन्त्रसमेत मुद्दाको सम्बोधन हुन नसक्नु र अर्कोतिर आयोगका सिफारिसहरू कार्यान्वयन नगरिँदा पीडितहरू थप पीडा भोग्न बाध्य छन् ।

**च. राज्यका निकायहरूबीच कामकारबाहीमा आपसी समन्वयको अभाव**

राज्यका निकायहरूबीच कामकारबाहीको सिलसिलामा समन्वय र सहकार्य हुन नसक्नु वा नगर्नु रोग नै बन्न पुगेको छ । मानव अधिकार संरक्षण र संवर्धनसम्बन्धी मुद्दामा अहिले पनि सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यको कमी देखिन्छ । सरकारी-सरकारी, सरकारी र गैरसरकारी एवम् गैरसरकारी-गैरसरकारी संस्थाहरूबीच यो समस्या बढी मात्रामा देखिएको छ । यसबाट काम कम प्रतिवेदन प्रगतिले भरिपूर्ण हुनुको साथै एउटै काम पुनरावृत्तिको प्रवृति अहिले पनि विद्यमान छ । परिणाम सही आएमा जस लिने र नतिजा ह्रासउन्मुख वा काम हुन नसकेको खण्डमा पन्छिने वा दोष अरूमाथि थुपार्ने मनोवृत्तिमा कमी वा अन्त्य हुने लक्षण देखिँदैन । जुन प्रयोजनका लागि दर्जनौं संस्थाहरू जुन क्षेत्रमा कार्यरत छन्, त्यहाँ पनि समस्या ज्यूँका त्यूँ छन् । पुरातन सोच वा रुढीवादी मानसिकता र व्यवहार नेपाली समाजको ठुलो हिस्सा अहिले पनि रुढीग्रस्त मानसिकताबाट ग्रस्त छ ।

जतिसुकै अधिकार, न्याय, स्वतन्त्रता, समानतालगायतका विषय उठान भए पनि व्यवहारतः समाज जातीय भेदभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजोजस्ता कुप्रथाबाट मुक्त हुन नसकेको अवस्था छ । यसको बढी मार दलित, महिला, बालबालिका र आर्थिक रूपमा विपन्न समुदायमाथि पर्न गएको देखिन्छ । जातीय आधारमा ठूलो र सानो, पानी चल्ने र नचल्ने अवस्था छ । मानिसबीचमै छोइछिटोको कारण विभेद कायमै छ । बोक्सीको आरोपमा दिसापिसाव खुवाउने, कपाल मुडी घुमाउने, कुटपिट गर्ने र ज्यान लिनेसम्मका घृर्णित कार्यहरू अहिले पनि निमूल हुन सकेका छैनन् । दाइजो नल्याएको वा कम ल्याएको भनी कुटपिट र हत्यासमेत हुने गरेको छ । छाउपडी प्रथा अर्थात् छुई भएको अवस्थामा घरदेखि बाहिर गोठमा बस्नुपर्ने बाध्यताका कारण महिलाले ज्यान गुमाउनु परिरहेको छ । उमेर नपुगी हुने बालविवाहजस्ता कार्यमा राजनीतिक नेतृत्व पनि कुनै न कुनै रूपमा जोडिएको पाइन्छ । बलात्कार जस्ता जघन्य अपराधका घटनाहरूमा मिलापत्र, पञ्चायती बस्ने प्रवृति हेर्दा अवस्था सोचनीय छ । फलतः यसको प्रत्यक्ष असर मानव अधिकारको संरक्षण र संवर्धनमा परेको छ ।

**चुनौती समाधानका सम्भावित उपायहरू**

समग्रतामा माथि उल्लिखित चुनौतीहरूलाई सम्बोधन गर्न सरोकारवालाहरूले तपसिलबमोजिम काम गर्नुपर्ने देखिन्छ :

**नेपाल सरकार**

(क) संविधान, ऐन, नियमको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त वातावरण तय एवम् कार्यान्वयन गर्ने,

(ख) संविधानतः सङ्घ, प्रदेश र स्थानीय सरकारसँग सम्बन्धित निर्माण हुन बाँकी रहेका कानुनलाई मानव अधिकारमैत्री कोणबाट निर्माणको लागि आवश्यक वातावरण तय गर्ने,

(ग) ऐन, नियम निर्माण वा संशोधन गर्दा मानव अधिकारका मूल्य-मान्यतालाई आत्मसात् गर्ने,

(घ) कानुनी शासन र मानव अधिकारको सम्मान गर्दै दण्डहीनताको विरुद्धमा चालिएका कदम थप प्रभावकारी बनाउन,

(ङ) सङ्क्रमणकालीन संयन्त्र (बेपत्ता पारिएका व्यक्ति छानबिन र सत्यनिरूपण तथा मेलमिलाप आयोग) का कामकारबाही प्रभावकारी बनाउन मापदण्डअनुकूल ऐन, स्वतन्त्रतापूर्वक काम गर्न सक्ने वातावरण, आवश्यक स्रोतसाधन र दक्ष जनशक्ति उपलब्धता आदि) निर्माण गर्ने,

(च) आयोगका सिफारिसहरूलाई अविलम्बन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

(छ) आयोगलाई आवश्यक आर्थिक तथा भवनलगायत भौतिक स्रोत साधन उपलब्ध गराउन,

(ज) आयोगको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद्मा पेस गरी छलफललाई निरन्तरता दिने वातावरण निर्माण गर्ने,

(झ) पेरिस सिद्धान्तअनुकूल हुने गरी कर्मचारी व्यवस्थापनसम्बन्धी विषयसमेत समावेश गरी आयोगको कार्यगत र आर्थिक स्वतन्त्रता र स्वायत्तता रहने गरी मानव अधिकार आयोगसम्बन्धी विधेयक संसद्बाट पारित गर्ने व्यवस्था मिलाउन,

(ञ) आयोगद्वारा प्रस्तावित साङ्गठनिक संरचनालाई तत्काल स्वीकृत प्रदान गर्ने,

(ट) चालु मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन गर्ने/गराउन,

(ठ) मानव अधिकार रक्षकहरूको क्षमता अभिवृद्धिसँग सम्बन्धित वा आयोगसँग सम्बन्धित मुद्दामा समन्वय र सहकार्यकासाथ अगाडि बढ्न/बढाउन,

(ड) आयोगले दोषी भनी सिफारिस गरेका र अदालतबाट दोषी ठहर भई कारबाहीको दायरामा आउन बाँकीलाई कानुनी दायरामा ल्याइ दण्डहिनताको अन्त्य गर्ने,

(ढ) आयोगको 'क' श्रेणीको हैसियतलाई निरन्तरताको लागि प्रभावकारी पहल गर्ने,

(ण) दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्राथमिकताका स्थान दिन र विश्वव्यापी आवधिक समीक्षालगायतमा गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्राथमिकताका साथ कार्यान्वयन गर्ने,

(त) विकासमा मानव अधिकारमुखी पद्धतिलाई स्थानीय तह, प्रदेश र सङ्घीय सरकारबाट समेत अवलम्बन गर्ने ।

**व्यवस्थापिका-संसद्**

(क) आयोगको स्वतन्त्रता र स्वायत्ततालाई आत्मसात गर्दै पेरिस सिद्धान्त र राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जालअन्तर्गतको स्तर निर्धारण उपसमितिले दिएको सुझावसमेतलाई आधार मानी नयाँ ऐन निर्माण गर्न

(ख) तीन तहका सरकारबीच मानव अधिकारमैत्री कानुन बनाउन सम्बन्धित साझा अधिकारको सम्बन्धमा कानुन निर्माण गर्न र

(ग) सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न विद्यमान ऐनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार संशोधन गर्न ।

**राजनीतिक दल**

(क) संविधानको पूर्ण कार्यान्वयनको तहमा लैजान आफ्नो ठाउँबाट आवश्यक पहल गर्न,

(ख) मानव अधिकारको सम्मान, संरक्षण, विकास निर्माणजस्ता कार्यमा सरकारलाई विशेष सहयोग गर्न, (ग) सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न विद्यमान ऐनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार संशोधनको लागि वातावरण तयार गर्न,

(घ) मानव अधिकार र आयोगसँग सम्बन्धित मुद्दामा समन्वय र सहकार्यका साथ अगाडि बढ्न र

(ङ) 'क' श्रेणीमा रहेको आयोगको हैसितलाई निरन्तरता दिनको लागि आवश्यक पहल गर्न ।

**नागरिक समाज, सञ्चार जगत र सरोकारवाला**

(क) नागरिक समाज, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था (व्यावसायिक सङ्घसङ्गठन, सञ्चारकर्मी, नागरिक अभियन्ताहरू आदि)हरूबाट मानव अधिकारको मुद्दामा आवश्यकताअनुसार सरकार र आयोगसँग सहकार्य, समन्वय साथै खबरदारी गर्न ।

**भावी कदमहरू**

राष्ट्रिय संस्थाको हैसियतमा आयोगले संरक्षण, संवर्धन, परिपालना र संस्कृति विकासका लागि कार्य गर्दै आएको छ । विशेषतः संविधान, ऐन, नियमावली एवम् रणनीतिक योजनाको आधारमा आयोगले आफ्ना कामकारबाहीहरू सम्पादन गर्दै आइरहेको छ ।

संविधान, ऐनमा समावेश मानव अधिकारसम्बन्धी प्रावधानहरूको कार्यान्वयन साथै समयानकूल आवश्यक संशोधन वा परिमार्जन गर्न आवश्यक छ । यसको साथै संस्थागत सुधार गर्नुपर्ने पक्षहरू, अवसर र चुनौतीहरू लगायतका पक्षमा थप छलफल गरी अगाडि बढ्नुपर्ने अवस्था छ । आयोग र पीडित, आयोग र गैसस/नागरिक समाज, पेसागत सङ्घसङ्गठन, आयोग र सरकार, आयोग र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरू, दातृ निकाय आदिसँगको सहकार्य र समन्वय सम्बन्धमा आशातीत परिणाम हासिल हुन सके-नसकेको पक्षमा छलफल गरी तय गरेको रणनीतिक योजनालाई कार्यान्वयन तहमा लैजानुपर्दछ ।

हाल मुलुकमा तीन तहको (सङ्घ, प्रदेश र स्थानीय) सङ्घीय संरचनाभित्र कामकारबाहीहरू सञ्चालन भइरहेका छन् । मानव अधिकार अनुभूतिजन्य विषय हुनाले विशेषतः आयोगको क्रियाशीलता, सरकारको प्रतिबद्धता र कार्यान्वयनमा निर्भर हुन्छ । यसका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग सहकार्य र समन्वयकासाथ अगाडि बढ्नुपर्ने देखिन्छ । संसद्, सरकार, संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, गैसस एवम् सरोकारवालाहरूसँगको सहकार्य र समन्वयलाई थप प्रभावकारी एवम् उपलब्धिमूलक बनाउनुपर्ने देखिन्छ । यसको साथै मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सङ्घसंस्था/दातृ निकाय आदिसँगको सम्बन्धलाई पनि परिवर्तित सन्दर्भअनुसार समयानुकूल र अझ मजबुत तुल्याउनुपर्छ ।

अन्त्यमा संविधान, ऐन र रणनीतिक योजनामा समावेश प्रावधानलाई कार्यान्वयनको वातावरण निर्माण गर्नु आयोगको दायित्व हो । आयोगले रणनीतिक योजनामा समावेश "जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार" भन्ने आह्वानको सार्थकता नै यसको आधार हो । विशेषतः आयोगले आगामी दिनमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरू एवम् पछाडि पारिएका, सीमान्तकृत वर्ग, अल्पसङ्ख्यक समुदायको अधिकार सुनिश्चितताको लागि थप कदम चाल्नुपर्छ । आयोगका सिफारिसलाई कार्यान्वयन गर्ने वातावरण तय गर्नेतर्फ पनि ध्यान केन्द्रित गर्नुपर्ने स्थिति छ । आयोगको पहुँच बिस्तार तथा संस्थागत सुदृढीकरण, सूचना प्रविधिको उच्चतम प्रयोग पनि प्राथमिकताका मुद्दा हुन् भन्ने यथार्थतालाई मध्यनजर राखी अगाडि बढ्नुपर्ने अवस्था छ ।

नोटः प्रतिवेदनको पूर्ण पाठ आवश्यक परेको खण्डमा आयोगको वेबसाइट *https://www.nhrcnepal.org/uploads/publication/Annual_Report_Manab_Inner_2080.pdf* मा गई हेर्न वा उद्धृत (डाउनलोड) गर्न सकिनेछ ।